(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

२०८२ बैशाख १ गते देखि २०८२ असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरू

(स्वतः प्रकाशन)

प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

वेवसाइटः mosd.koshi.gov.np इमेलः mosdprov1@gmail.com, mosd@koshi.gov.np

विषयसूची


१.	मन्त्रालयको स्वरुप र प्रकृति ........................................................................................ ४

२.	मन्त्रालयको काम, कर्तव्य र अधिकार .................................................................................. ५

३.	मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण ...................................... ७

४.	मन्त्रालयवाट प्रदान गरिने सेवा ........................................................................................ २८

५.	मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारीएवं सम्बन्धित शाखा प्रमुख ............. २९

६.	सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ................................................................................ ३०

७.	निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी ...................................................... ३०

८.	निर्णय उपर उजुरी सुन्ने अधिकारी ..................................................................................... ३०

९.	सम्पादन गरेका मुख्य मुख्य कामको विवरण ....................................................................... ३०

१०.	सूचना अधिकारी, प्रवक्ता र प्रमुखको नाम पद ................................................................. ६६

११.	आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ................................. ६७

१२.	मन्त्रालयका सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण ..................................................... ७१

१३.	मन्त्रालय/निकायमा परेको सूचना माग सम्बन्धी निवेदन .................................................. ७१

१४. मन्त्रालयले गरेको सूचना सम्बन्धी थप कामहरु ................................................................ ७१

१५.मन्त्रालयले गरेका कार्यक्रम र सो को प्रतिवेदन ................................................................ ७१

१६. मन्त्रालयले बर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण ............................................ ७१

१७. ऐन नियम तथा निर्देशिकाको सूची .................................................................................. ७१

## १. मन्त्रालयको स्वरुप र प्रकृति

संघीय संरचनालाइ मूर्तरुप दिने उद्धेश्यले नेपालको सविधान २०७२ को मार्गदर्शन एवम् संविधानको अनूसूची -६, अनूसूची -७ र अनूसूची -९ मा उल्लेखित एकल एवम् साझा अधिकारका विषयहरुको अधार एवम् प्रदेश सरकार कार्यविभाजन नियमावली २०७४ (संसोधन २०७९) बमेजिमका कार्यहरु सम्पादन गर्न मिति २०७४/११/३ मा प्रदेश सामाजिक विकास मन्त्रालयको गठन भएको हो । प्रदेशको शिक्षा, महिला, बालबालिका, सामाजिक, सुरक्षा, युवा, खेलकुद, खानेपानी तथा सरसफाई, जाति, धर्म, भाषा, संस्कृति, कला, ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका स्थल, प्रचीन स्मारक, संग्रहालय व्यवस्थापन र श्रम तथा रोजारीको प्रवर्धन सम्बन्धी नीति निर्माण गर्ने, योजना तर्जुमा गर्ने कार्यक्रम कार्यान्वयन गर्ने अयोजनाहरुको सञ्चालन, एवं नियमन र व्यवस्थापन गरी प्रदेशलाइ समृद्द बनाउने उद्देश्यले सामाजिक विकास मन्त्रालय स्थापना भएको हो ।

**मन्त्रालयको दूरदृष्टिः**

शिक्षा, युवाखेलकुद, कला, साहित्य, भाषा, धर्म एवं संस्कृति, महिला तथा बालबालिका, श्रम र रोजगारको प्रबर्धन एवं विकासबाट मानवीय तथा सामाजिक जीवनस्तरमा परिवर्तन ल्याउने ।

**ध्येय** :

- विद्यालय शिक्षामा निःशुल्क पँहुच, रोजगारमुखी सीप र दक्षतामा आधारित प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम प्रवर्दन तथा विस्तार गर्दै ज्ञानमा आधारित समाजको निर्माण गर्ने ।
- उच्च तथा प्राविधिक शिक्षाको अवसर वृद्धि गर्ने ।
- अवसरबाट बञ्चित भएका र पछाडि परेका महिला तथा बालबालिका जेष्ठ नागरिक एवम् र अपाङ्गता भएका तथा लैङ्गिक अल्पसङ्ख्याक व्यक्तिहरुलाइ सशक्तिकरण गर्दै विकासको मूल प्रवाहमा ल्याउने।
- सबैका लागि खेलकुदको अबधारणा अनुरुप खेलकुदमा पूर्वाधिकार विकास, प्रतिस्पर्धात्मक भावनाको विकास गरी नगरिकलाई अनुशासित र मर्यादित बनाउने ।
- विभिन्न जातजाति भाषा धर्म कला र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने ।
- प्रदेशमा रोजगारी प्रवर्धन गरी जीवन स्तरमा सुधार ल्याउन रोजगारको खोजीमा रहेका नागरिक, रोजगार दाता र रोजगार प्रदायक निकायसँग समन्वय गर्ने ।

**उद्देश्यहरु** :

- विद्यालय शिक्षालाई सर्वसुलभ बनाउने ।
- रोजगारमुखी दक्षता र सक्षमतामा आधारित व्यावसायिक शिक्षा र तालिमको विकास गर्ने ।
- माध्यमिक तहसम्म निशुल्क शिक्षाको प्रत्याभूतिका लागि संघीय सरकार तथा स्थानीय तहसँग समन्वय गर्ने ।
- विद्यालय शिक्षाको गुणस्तरलाई समय सापेक्षित बनाउने ।
- प्रदेश भित्रका शैक्षिक संस्थाहरुको नियमनकारी निकायको रुपमा कार्य गर्ने ।
- मन्त्रालय अन्तर्गतका सम्पूर्ण निकायहरुको संस्थागत क्षमता विकास, योजना तर्जुमा एवं कार्यान्वयनमा प्राविधिक सहजिकरण गर्ने ।
- माध्यमिक तहको परीक्षा संचालन र व्यवस्थापन गर्ने
- सबैका लागि खेलकुदको अवधारणालाई मूर्तरुप दिन प्रदेशस्तरमा खेलकुदको संरक्षण सम्बर्दन गर्दै पर्यटकीय, पर्वतीय, परम्परागत तथा साहसिक प्रतियोगिताहरुलाइ प्रबर्धन गर्ने ।
- भाषा लिपि संस्कृति ललितकला र धर्मको संरक्षण र सम्बर्द्धन गर्ने नीति, कानुन मापदण्ड तथा योजनाको तर्जुमा गरी राष्ट्रिय र प्रादेशिक निकाय तथा संघसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्ने तर्फ जोड दिने ।
- पूरातात्विक महत्वका स्थल स्मारक संग्रहालय, अभिलेखालयहरुको संरक्षण, संभार अध्ययन, अनुसन्धान, उत्खनन तथा पुननिर्माण गर्ने कार्यलाई जोड दिने ।
- रोजगार प्रवर्दन, श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा गरी श्रमशक्ति, श्रमबजार सम्बन्धी अध्ययन अनुसन्धान र श्रमशक्ति योजना निर्माणगरी श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण गर्ने कार्य गर्ने ।
- अध्ययन अनुसन्धानका नवीनतम पद्दतिको उपयोगमा जोड दिने ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र एकल महिला र लैङ्गिक अल्पसंख्यक व्यक्तिहरुलाई आर्थिक, सामाजिक, विकासमा सशक्तिकरण गर्दै संरक्षण गर्ने ।

## २. मन्त्रालयको काम, कर्तव्य र अधिकार

१) प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२) शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,

३) प्रदेशस्तरमा पुस्तकालय सम्वन्धी नीति, कानून तथा मादण्ड तर्जुमा, कार्यान्वयन र नियमन ,

४) प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण उत्पादन र नियमन,

५) प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,

६) प्रदेशस्तरमा विद्यालयतहको शिक्षकको सेवाशर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,

७) माध्यमिक तहको परीक्षा व्यवस्थापन,

८) प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,

९) महिला हक सम्बन्धी प्रादेशिक नीति कानून मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन र नियमन,

१०) लैङ्गिक हिंसा मानव बेचविखन तथा ओसारपसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन, महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन अनुसन्धान,

११) महिला अधिकार सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

१२) महिला सशक्तिकरण तथा समानता सम्वन्धी अध्ययन, अनुसन्धान,

१३) बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन ,

१४) बालअधिकार सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

१५) बालमैत्री शासकीय प्रवन्ध, सेवा प्रवाह, बाल उद्दारकोष वयवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,

१६) जेष्ठ नागरिकको हकहित संरक्षण सम्वन्धी प्रादेशिक नीति.कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन.

१७) जेष्ठ नागरिक सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

१८) अपाङ्गता भएका नागरिकको हकहित संरक्षण सम्वन्धी प्रादेशिक नीति.कानून, मापदण्ड तथा योजना तर्जुमा कार्यान्वयन, अध्ययन, अनुसन्धान र नियमन.

१९) अपाङ्गता भएका नागरिक सम्वन्धी नेपालको संविधानमा भएका व्यवस्था, अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

२०) प्रदेशस्तरमा जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिका र महिला सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन,

२१) प्रदेश भित्रका गैरसरकारी संघ, संस्थाहरूको अभिलेख व्यवस्थापन र समन्वय,

२२) सामाजिक सुरक्षा र संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन,

२३) समाजकल्याण र संघ, संस्था सम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन,

२४) सामाजिक सुरक्षा, कोष व्यवस्थापन, र नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ, संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

२५) युवा सम्बन्धी प्रादेशिक नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,

२६) खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन,

२७) खेलकुद प्रशासन र संघ,संस्थाको समन्वय र नियमन,

२८) राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता,

२९) प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार सो सम्वन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण तथा जनशक्ति विकास र उपषोग,

३०) वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार र विकास,

३१) विज्ञान प्लानिटोरियमको स्थानपना, सञ्चालन र व्यवस्थापन,

३२) संस्कृतिको विकास सम्वन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमन,

३३) भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानून र मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

३४) ऐतिहासिक, धार्मिक, सास्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिक स्तरका दरबारहरूको संरक्षण संभार र अध्ययन अनुसन्धान तथा व्यवस्थापन,

३५) ऐतिहासिक महत्वका धार्मिक, सांस्कृतिक धरोहर संरक्षण सम्वन्धी नीति र कानून तर्जुमा, कार्यान्वयन अध्ययन, अनुसन्धान,

३६) सांस्कृतिक परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन,

३७) रोजगारी सम्वन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन,

३८) प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धमा स्थानीय तहसंग समन्वय र सहकार्य,

३९) वैदेशिक रोजगारमा जाने र फर्कने नागरिकको अभिलेख व्यवस्थापन,

४०) वैदेशिक रोजगारबाट फर्केकाहरूको ज्ञान, सीप उपयोग गर्ने नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन,

४१) रोजगर सम्वन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

४२) श्रम सम्वन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

४३) प्रदेश श्रम सल्लाहकार परिषद श्रम र सामाजिक सम्वाद सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड निर्धारण कार्यान्वयन र नियमन

४४) श्रमशक्ति श्रम सम्वन्ध श्रम वजार सम्वन्धी अध्ययन अनुसन्धान श्रमशक्ति सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन ।

## ३. मन्त्रालयको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण

## (क) संगठन संरचना


मन्त्री
सचिवालय
शा.अ.(प्र/साप्र)-७/८-१
प्रदेश सचिव
रा.प. प्रथम (प्र./साप्र)-१
सचिवालय
सहायक/अधिकृत-५/६-१
प्रशासन तथा योजना महाशाखा
उपसचिव(प्र.सा.प्र.)९/१०-१
प्रशासन योजना तथा अनुगमन शाखा
शा.अ.(प्र./सा.प्र.)७/८-२
सहायक/अधिकृत(प्र.सा.प्र.)५/६-१
कम्प्युटर
सहायक/अधिकृत(प्र./विविध)५/६-१
सहायक/अधिकृत(आर्थिक/योजना/तथ्याङ्क)५/६-१
का.स.-५
ह.स.चा.-४
कानून तथा फैसला कार्यान्वयन शाखा
का.अ.(न्याय/कानून)७/८-१
आर्थिक प्रशासन शाखा लेखा
प्र.(प्र./लेखा)७/८-१
सहायक/अधिकृत(प्र./लेखा)५/६-१
श्रम तथा रोजगार प्रवर्धन शाखा
शा.अ.(प्र./सा.प्र.)७/८-१
सहायक/अधिकृत(प्र./सा.प्र.)५/६-१
शैक्षिक योजना तथा अनुसन्धान महाशाखा
उपसचिव(शि/शि.प्र.)९/१०-१
शैक्षिक योजना तथा अनुसन्धान शाखा
शा.अ.(शि./शि.प्र.)७/८-१
कम्प्युटर
सहायक/अधिकृत(प्र./विविध)५/६-१
प्रा.स.(शि./शि.प्र.)५/६-१
प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा
शा.अ(शि./शि.प्र.)७/८-१
प्रा.स.(शि./शि.प्र.)५/६-१
उच्च शिक्षा तथा युवा खेलकुद महाशाखा
उपसचिव(शि./शि.प्र.)९/१०-१
उच्च शिक्षा शाखा
शा.अ(शि./शि.प्र.)७/८-१
प्रा.स.(शि./शि.प्र.)५/६-१
निरन्तर तथा विशेष शिक्षा शाखा
शा.अ(शि./शि.प्र.)७/८-१
प्रा.स.(शि./शि.प्र.)५/६-१
युवा तथा खेलकुद शाखा
शा.अ.(शि./शि.प्र.)७/८-१
प्रा.स.(शि./शि.प्र.)५/६-१
सामाजिक विकास महाशाखा
प्र.म.वि.अ.(विविध)९/१०-१
सामाजिक न्याय तथा संघ संस्था समन्वय शाखा
म.वि.अ.((विविध)-७/८-१
म.वि.नि.(विविध)-५/६-१
लैङ्गिक सशक्तीकरण तथा मूल प्रवाहीकरण शाखा
म.वि.अ.(विविध)-७/८-१
म.वि.नि.(विविध)-५/६-२
संस्कृति तथा पुरातत्व महाशाखा
उपसचिव(शि./शि.प्र.)९/१०-१
भाषा पुस्तकालय तथा संस्कृति शाखा
पूरातत्व अधिकृत(शि./पुरातत्व)-७/८-१
सहायक/अधिकृत(शि./पुरातत्व)-५/६-१
पुरातत्व तथा संग्राहलय शाखा
पूरातत्व अधिकृत(शि./पुरातत्व)-७/८-१
सहायक/अधिकृत(शि./पुरातत्व)-५/६-१

**(ख) कर्मचारी संख्या**

| विवरण | | पदनाम | तह | सेवा (समूह) | दरबन्दी संख्या | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|
| मन्त्रीको सचिवालय | | शाखा अधिकृत | सातौं/आठौं | प्र./सा.प्र. | १ | ० |
| सचिवको कार्यालय | | प्रदेश सचिव | रा.प.प्रथम | प्र./सा.प्र. | १ | १ |
| | | सहायक/अधिकृत | पाँचौ/छैठौं | प्र./सा.प्र. | १ | ० |
| प्रशासन तथा योजना महाशाखा | प्रशासन तथा योजना महाशाखा | उपसचिव | नवौं/दशौ | प्र./सा.प्र. | १ | १ |
| | प्रशासन, योजना तथा अनुगमन शाखा | शाखाअधिकृत | सातौं/आठौं | प्र./सा.प्र. | २ | २ |
| | | सहायक/अधिकृत | पाँचौ/छैठौं | प्र./सा.प्र. | १ | १ |
| | | कम्प्युटर सहायक/अधिकृत | पाँचौ/छैठौं | विविध | १ | १ |
| | | सहायक/अधिकृत | पाँचौ/छैठौं | आर्थिक योजना/ तथ्याङ्क | १ | १ |
| | | कार्यालय सहयोगी | आधारभुत तह | - | ५ | ५ |
| | | ह.स.चा. | आधारभुत तह | - | ४ | ४ |
| | आर्थिक प्रशासन शाखा | लेखा प्रमुख | सातौं/आठौं | प्रशासन (लेखा) | १ | १ |
| | | सहायक/अधिकृत | पाँचौ/छैठौं | प्रशासन (लेखा) | २ | १ |
| | कानून तथा फैसला कार्यान्वयन शाखा | कानून अधिकृत | सातौं/आठौं | न्यान (कानून) | १ | १ |
| | श्रम तथा रोजगार प्रवर्द्धन शाखा | शाखा अधिकृत | सातौं/आठौं | प्र./सा.प्र. | १ | १ |
| | | सहायक/अधिकृत | पाँचौ/छैठौं | प्र./सा.प्र. | १ | १ |
| शैक्षिक योजना तथा अनुसन्धान | शैक्षिक योजना तथा अनुसन्धान महाशाखा | उपसचिव | नवौं/दशौ | शिक्षा/शि.प्र. | १ | १ |
| | शैक्षिक योजना तथा अनुसन्धान शाखा | शाखा अधिकृत | सातौं/आठौं | शिक्षा/शि.प्र. | १ | १ |
| | | कम्प्युटर | पाँचौ/छैठौं | विविध | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहायक/अधिकृत | | | | |
| | | प्राविधिक सहायक | पाँचौ/छैठौं | शिक्षा/शि.प्र. | १ | १ |
| | प्राविधिक तथा व्यवसयिक शिक्षा शाखा | शाखा अधिकृत | सातौ/आठौं | शिक्षा/शि.प्र. | १ | १ |
| | | प्राविधिक सहायक | पाँचौ/छैठौं | शिक्षा/शि.प्र. | १ | १ |
| उच्च शिक्षा तथा युवा खेलकुद महाशाखा | उच्च शिक्षा तथा युवा खेलकुद महाशाखा | उपसचिव | नवौं/दशौ | शिक्षा/शि.प्र. | १ | १ |
| | उच्च शिक्षा शाखा | शाखा अधिकृत | सातौ/आठौं | शिक्षा/शि.प्र. | १ | १ |
| | | प्राविधिक सहायक | पाँचौ/छैठौं | शिक्षा/शि.प्र. | १ | १ |
| | निरन्तर तथा विशेष शिक्षा शाखा | शाखाअधिकृत | सातौ/आठौं | शिक्षा/शि.प्र. | १ | ० |
| | | प्राविधिक सहायक | पाँचौ/छैठौं | शिक्षा/शि.प्र. | १ | १ |
| | युवा तथा खेलकुद शाखा | शाखा अधिकृत | सातौ/आठौं | शिक्षा/शि.प्र. | १ | १ |
| | | प्राविधिक सहायक | पाँचौ/छैठौं | शिक्षा/शि.प्र. | १ | १ |
| संस्कृति तथा पुरातत्व महाशाखा | संस्कृति तथा पुरातत्त्व महाशाखा | उपसचिव | नवौं/दशौ | शिक्षा/शि.प्र. | १ | १ |
| | भाषा, पुस्तकालय तथा संस्कृति शाखा | पुरातत्त्वअधिकृत | सातौ/आठौं | शिक्षा/पुरातत्त्व | १ | १ |
| | | सहायक/अधिकृत | पाँचौ/छैठौं | शिक्षा/पुरातत्त्व | १ | ० |
| | पुरातत्त्व तथा संग्राहलय शाखा | पुरातत्त्वअधिकृत | सातौ/आठौं | शिक्षा/पुरातत्त्व | १ | ० |
| | | सहायक/अधिकृत | पाँचौ/छैठौं | शिक्षा/पुरातत्त्व | १ | ० |
| सामाजिक विकास महाशाखा | सामाजिक विकास महाशाखा | प्रमुखमहिला विकास अधिकृत | नवौं/दशौ | विविध | १ | १ |
| | लैङ्गिक सशक्तीकरण तथा मूल प्रवाहीकरण शाखा | महिलाविकास अधिकृत | सातौ/आठौं | विविध | १ | ० |
| | | महिला विकास निरीक्षक | पाँचौ/छैठौं | विविध | २ | १ |
| | सामाजिक न्याय तथा संघ संस्था समन्वय शाखा | महिलाविकास अधिकृत | सातौ/आठौं | विविध | १ | ० |
| | | महिला विकास निरीक्षक | पाँचौ/छैठौं | विविध | १ | १ |

## (ग) महाशाखा/शाखाको कोठा नम्बर र सम्पादन हुने कामको विवरण

| विवरण | | कोठा.नं. | सम्पादन हुने काम |
|---|---|---|---|
| मा. मन्त्रीज्यूको कार्यकक्ष | | १०१ (भुइँ तल्ला) | ➢ मन्त्रालयका कार्यक्षेत्रभित्र पर्ने विषयगत क्षेत्रका ऐन, नीति निर्माण तथा कार्यक्रम निर्माणका लागि समन्वय । |
| मा. मन्त्रीज्यूको सचिवालय | | १०२/१०३ (भुइँ तल्ला) | ➢ मा. मन्त्रीज्यू समक्ष पेश हुने नीति तथा कार्यक्रमका सम्बन्धमा समन्वय र प्रदेश सरकारका अन्य निकायसँग समन्वय । |
| सचिवज्यूको कार्यकक्ष | | २०१ (पहिलो तल्ला) | ➢ मन्त्रालयबाट निर्माण भएका ऐन, नीति, नियम बजेट अनुसार कार्यक्रम कार्यान्वयन र समन्वय । |
| सचिवज्यूको सचिवालय | | २०१ (पहिलो तल्ला) | ➢ |
| प्रशासन तथा योजना महाशाखा | प्रशासन तथा योजना महाशाखा | २०३ (पहिलो तल्ला) | ➢ मन्त्रालयको वार्षिक नीति तथा कार्यक्रम निर्माणका लागि महाशाखा र शाखासँग समन्वय ।<br>➢ स्वीकृत कार्यक्रमको कार्यान्वयनका लागि वार्षिक कार्ययोजना निर्माण, प्रगति विवरण तयारीका लागि समन्वय ।<br>➢ कर्मचारी अभिलेख व्यवस्थापन, गुनासो सुनुवाइको कार्य ।<br>➢ प्रचलित आर्थिक ऐननियम अनुसार स्वीकृत कार्यक्रम र बजेटको कार्यान्वयन<br>➢ मन्त्रालयबाट बन्नुपर्ने ऐन, नीति, नियम, मार्गदर्शन, कार्यविधि लगायतका विषयका क्षेत्रमा समन्वय ।<br>➢ प्रदेश सरकारका श्रम तथा रोजगार नीति निर्माण, रोजगार प्रवर्द्धन र सामाजिक सुरक्षासम्बन्धी कार्य । |
| | प्रशासन, योजना तथा अनुगमन शाखा | २०५ (पहिलो तल्ला) | |
| | आर्थिक प्रशासन शाखा | ३०३ (दोश्रो तल्ला) | |
| | कानून तथा फैसला कार्यान्वयन शाखा | ३०२ (दोश्रो तल्ला) | |
| | श्रम तथा रोजगार प्रवर्द्धन शाखा | १०५ (भुइँ तल्ला) | |
| शैक्षिक योजना तथा अनुसन्धान महाशाखा | शैक्षिक योजना तथा अनुसन्धान महाशाखा | २०४ (पहिलो तल्ला) | ➢ प्रदेश सरकारको नीति अनुसार शैक्षिक कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन ।<br>➢ प्रदेश स्तरीय शैक्षिक तथ्याङ्क व्यवस्थापन ।<br>➢ प्रदेश शिक्षा नीति तथा ऐन निर्माणका लागि समन्वय ।<br>➢ प्रदेश स्तरमा प्राविधिक जनशक्ति प्रक्षेपण ।<br>➢ प्राविधिक तथा व्यावसायिक शिक्षाका कार्यक्रम निर्माण, कार्यान्वयन र समन्वय । |
| | शैक्षिक योजना तथा अनुसन्धान शाखा | २०८ (पहिलो तल्ला) | |
| | प्राविधिक तथा व्यवसायीक शिक्षा शाखा | २०७ (पहिलो तल्ला) | |
| युवा खेलकु | उच्च शिक्षा तथा युवा | २०४ (पहिलो तल्ला) | ➢ प्रदेश विश्वविद्यालय सञ्चालन व्यवस्थापनका लागि कार्यक्रम निर्माण र अनुगमन । |

| | | | |
|---|---|---|---|
| | खेलकुद महाशाखा | | ➢ सामुदायिक व्यवस्थापन सञ्चालन नियमनका लागि आवश्यक कार्य।<br>➢ भाषा शिक्षाण तथा कोचिङ कक्षाको अनुमति तथा नियमन ।<br>➢ साक्षरता प्रवर्द्धन र निरक्षरता न्यूनीकरण, विशेष विद्यालय र स्रोत कक्षा व्यवस्थापन ।<br>➢ प्रदेश खेलकुद विकास बोर्डसम्बन्धी कार्य ।<br>➢ युवा परिचालनका लागि नीति तथा कार्यक्रम निर्माण । |
| | उच्च शिक्षा शाखा | १०६ (भुइँ तल्ला) | |
| | निरन्तर तथा विशेष शिक्षा शाखा | १०४ (पहिलो तल्ला) | |
| | युवा तथा खेलकुद शाखा | १०४ (भुइँ तल्ला) | |
| संस्कृति तथा पुरातत्व महाशाखा | संस्कृति तथा पुरातत्व महाशाखा | ३०५ (दोश्रो तल्ला) | ➢ प्रदेशमा प्रयोग हुने भाषा तथा लिपिको संरक्षणसम्बन्धी कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन ।<br>➢ प्रदेश स्तरीय पुस्तकालय सुदृढीकरणका लागि कार्यक्रम निर्माण र कार्यान्वयन ।<br>➢ प्रादेशिक संग्रहालय, जातजातिसम्बन्धी संग्रहालय विकासका लागि नीति कार्यक्रम निर्माण र कार्यान्वयन । |
| | भाषा पुस्तकालय तथा संस्कृति शाखा | १०५ (पहिलो तल्ला) | |
| | पुरातत्व तथा संग्राहलय शाखा | १०५ (भुइँ तल्ला) | |
| सामाजिक विकास महाशाखा | सामाजिक विकास महाशाखा | २०२ (पहिलो तल्ला) | ➢ महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति जेष्ठ नागरिक, लैङ्गिक अल्पसङ्ख्यकका लागि नीति, कानून निर्माण, कार्यक्रम निर्माण, कार्यान्वयन तथा समन्वय ।<br>➢ समाज कल्याण तथा संघसंस्थासम्बन्धी र गैरसरकारी संघसंस्थाको अभिलेख व्यवस्थापन ।<br>➢ बालमैत्री शासकीय प्रवन्धका लागि सुधार तथा पुनः स्थापित । |
| | लैङ्गिक सशक्तीकरण तथामूल प्रवाहीकरण शाखा | १०७ (भुइँ तल्ला) | |
| | सामाजिक न्याय तथासंघ संस्था समन्वय शाखा | १०७ (भुइँ तल्ला) | |

**(घ) कार्य विवरण**

<u>**सामाजिक विकास मन्त्रालयका सचिव ज्युको कार्यविवरण**</u>

१. प्रदेश सरकारले प्रतिपादन गर्नु पर्ने नीतिका सम्बन्धमा सम्बन्धित मन्त्रीलाई सहयोग गर्ने ।

२. सम्बन्धित मन्त्रीको निर्देशन तथा सुपरीवेक्षणको अधीनमा रही आफू बहाल रहेका मन्त्रालयको कार्य सम्पादन गर्ने ।

३. मन्त्रालय वा अन्तर्गतका नीतिगत विषयमा कुनै सुधार गर्नु पर्ने भएमा सम्बन्धित मन्त्री समक्ष सोको प्रस्ताव पेश गर्ने ।

४. मन्त्रालयको व्यवस्थापन, दैनिक कार्य सञ्चालन, कर्मचारी उपर नियन्त्रण तथा सुपरीवेक्षण गर्ने ।

५. मन्त्रालय मातहतका निकाय तथा कार्यालयको काम कारबाही उपर आवश्यक सुपरीवेक्षण वा नियन्त्रण गर्ने र आवश्यकता अनुसार निर्देशन दिने ।

६. प्रदेश सरकारले स्वीकृत गरेका नीति र कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने ।

७. मन्त्रालय र मातहतका निकायले प्रत्येक महिना सम्पादन गरेका कामको प्रतिवेदन तोकिए बमोजिम मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समक्ष पेश गर्ने ।

८. मन्त्रालयको वार्षिक कार्यक्रम तर्जुमा गरी मन्त्री समक्ष पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका साथै प्रगति समिक्षा गर्ने/गराउने ।

९. मन्त्रालयबाट वर्ष भरिमा सम्पादन गरिएका प्रमुख काम कारबाहीका बारेमा वार्षिक प्रतिवेदन तयार गरि मन्त्री समक्ष पेश गर्ने ।

१०. मन्त्रालय र मातहतका निकायमा कार्यरत कर्मचारीहरुको तहबृद्धि, सरुवा/बढुवा पदस्थापना गर्ने वा काज खटाउने ।

११. वैदेशिक अध्ययन, तालिम, अध्ययन भ्रमण वा अन्य सरकारी कामको सिलसिलामा विदेश भ्रमणका लागि प्रदेश सरकारको तर्फबाट आफूमातहतका कर्मचारीको मनोनयन गर्न सिफारिस गरि मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समक्ष पेश गर्ने ।

१२. आफ्नो मन्त्रालयसँग सम्बन्धित विषयमा प्रदेश सरकार ,(मन्त्रिपरिषद्) बाट भएको निर्णय कार्यान्वयन गर्ने गराउने र त्यस्तो निर्णयको कार्यान्वयन स्थितिको सुपरिवेक्षण गर्ने ।

१३. सचिव बैठकबाट भएको निर्णय कार्यान्वयन गर्ने/गराउने ।

१४. मन्त्रालय वा मातहतका निकायले सञ्चालन गरेका आयोजनाको समय-समयमा निरीक्षण गरी आवश्यक निर्देशन दिने ।

१५. मन्त्रालय र मातहतका निकायले सञ्चालन गरेका आयोजना समयमा पूरा हुन नसकेको पाईएमा वा पूरा भएको आयोजनाको गुणस्तर न्यून देखिएमा त्यसको आवश्यक छानबिन गरी दोषी देखिएमा सम्बन्धित प्रमुखलाई आवश्यक कारबाही गर्ने ।

१६. ऐनमा तोकिए बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने/गराउने।

**<u>प्रशासन तथा योजना महाशाखा प्रमुखको कार्य विवरण</u>**

**<u>उपसचिव (अधिकृतस्तर नवौं/दशौं), प्रशासन</u>**

१. मन्त्रालयको कार्यक्षेत्र अनुसार विषयक्षेत्रगत र मन्त्रालयका महाशाखाहरू अन्तर्गतका शाखाहरूबाट सम्पादन हुने गरि निर्धारित कार्यक्रमहरूका लागि वार्षिक नीति, योजना कार्यक्रम तथा वजेट निर्माण कार्य गर्ने, गराउने।

२. मन्त्रालयका महाशाखाहरू र अन्तर्गतका शाखाहरूबाट सम्पादन हुने गरि निर्धारित कार्यक्रमहरूका लागि वार्षिक नीति, योजना कार्यक्रम तथा वजेट निर्माण सम्वन्धी कार्य ।

३. महाशाखागत स्वीकृत कार्यक्रमहरूको लक्ष्य, उद्देश्य, क्रियाकलाप, बजेट, समय, लगायत आवश्यक सूचाकाङ्क तोकी कार्यान्वयन योजना तयार गर्ने गराउने कार्य ।

४. मन्त्रालय र अन्तर्गतका कार्यालयबाट सम्पादन गर्नुपर्ने कार्यहरुका लागि बजेट तर्जुमा, कार्यान्वयन तथा अनुगमन योजना बनाई स्वीकृत गर्ने, गराउने कार्य ।

५. मन्त्रालयबाट स्वीकृत कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय तथा अन्य निकायको समेत स्वीकृति लिनुपर्ने विषयमा औचित्य खोली राय साथ फायल पेश गर्ने कार्य ।

६. स्वीकृत कार्यक्रम/आयोजना मन्त्रालयस्तरबाट सञ्चालन गरिने भए कार्यक्रम सञ्चालनको लागि उक्त कार्यक्रमको लक्ष्य, उद्देश्य, क्रियाकलाप, बजेट, समय, लगायत आवश्यक सूचाकाङ्क तोकी वार्षिक कार्यक्रम कार्यान्वयन तयार गर्ने, स्वीकृत गराउने कार्य ।

७. Cross Cutting विषयहरूलाई सबै महाशाखासँग समन्वय गरी मन्त्रालयको भावी नीति तथा योजनामा समावेश गर्ने/गराउने कार्य ।

८. मन्त्रालय अन्तर्गतका निकायबाट आयोजना कार्यान्वयन गराउनुपर्ने भएमा आयोजना कार्यान्वयन सम्बन्धी कार्यविधि, निर्देशिका, मार्गदर्शनको मस्यौदा तयार गरी राय सहित स्वीकृतिका लागि पेश गर्ने कार्य।

९. मन्त्रालयका विभिन्न महाशाखाहरुबाट संचालित कार्यक्रम तथा आयोजनाहरुको प्रगति विवरण सम्वन्धित महाशाखाहरुबाट संकलन गरी एकीकृत गर्ने कार्य ।

१०. मन्त्रालय र अन्तर्गतका निकायहरूको कमचारी दर्वन्दी तथा पदपूर्तिको विवरण एकीन गरी अभिलेख राख्ने, राख्न लगाउने कार्य।

११. मन्त्रालयको कार्यक्षेत्रमा रहने गरी तोकिएका तह र श्रेणी सम्मको कर्मचारी व्यवस्थापनका सम्वन्धमा गरिनु पर्ने निर्णयका लागि आवश्यक पर्ने कार्य ।

१२. अन्य निकाय, संघसंस्था समिति आदिको कार्यक्रमको लागि विनियोजित सशर्त अनुदान सम्बन्धी कार्यक्रम समयमै कार्यान्वयन गर्ने र कार्यक्रम कार्यान्वयनको प्रगती विवरण नियमित रुपमा लिने कार्य ।

१३. मन्त्रिपरिषद्को बैठक तथा संसदमा पेश गर्नुपर्ने प्रशासन सम्बन्धी नीतिगत निणर्यका विषयहरु संग सम्वन्धित कार्य।

१४. मन्त्रालय र अन्तर्गतका निजामती कर्मचारीहरुको नियुक्ति, सरुवा, पदस्थापना, पुरस्कार, विभागीयसजाय, अवकाश, स्वदेशी तथा विदेशी तालिम, अध्ययन, भ्रमण, गोष्ठी, सेमिनार सम्बन्धी कार्यहरु।

१५. मन्त्रालयको चालु तथा पूँजिगततर्फको बजेट तयार गर्ने गराउने, निकासा गर्ने, गराउने, केन्द्रीय हिसाब तयार गरी पेश गर्ने, गराउने कार्यहरु।

१६. कानूनी राय परामर्श, ऐन/नियमको मस्यौदा प्रदेश राजपत्रमा सूचना प्रकाशन, रिट निवेदनहरुको लिखित जवाफ सम्बन्धी कार्यहरु।

१७. नागरिक बडापत्रको कार्यान्वयन स्थिति एवम् मानवसंशाधन विकासका कार्यहरु।

१८. सबै महाशाखाहरुको प्रशासकीय कार्यसम्पादन गर्न समन्वय, सहयोग र नेतृत्वदायी कार्यहरु।

१९. मन्त्रालय र अन्तर्गतका निकायहरुको कर्मचारीहरुको सेवा, शर्त तथा वृत्तिविकास लगायतका प्रचलित ऐननियम सम्बन्धी कार्यहरु।

२०. महाशाखा अन्तर्गतका शाखाहरुको कार्यक्रम संचालन गर्दा आवश्यकता अनुसार लागत अनुमान स्वीकृत गर्ने, बोलपत्र तथा दरभाउपत्र सम्बन्धी कागजातहरु स्वीकृत गर्ने, कार्यविवरण स्वीकृत गर्ने तथा परामर्शदाता एवम् आपूर्तिकर्ताहरुसंग सम्झौता गर्ने कार्यहरु।

२१. आफ्नो महाशाखा अन्तर्गका शाखाहरुको लागि विनियोजन भएको बजेटबाट कार्यक्रम तयार गरी बजेट बाँडफाँड गराई स्वीकृत गर्ने व्यवस्था मिलाउने गरी खरीद योजना तयार गर्न लगाउने कार्यहरु।

२२. मन्त्रालय र मातहतका निकाय, कार्यालयसंग सम्बन्धित जनगुनासो तथा उजुरी सुन्ने र सोको आवश्यक कारवाही गरी फछ्र्यौट गर्ने कार्यहरु ।

२३. मन्त्रालयले तोके बमोजिम अन्य कार्यहरु ।

**<u>प्रशासन योजना तथा अनुगमन शाखा</u>**

**<u>शाखा अधिकृत-(अधिकृत सातौं/आठौं)सामान्य प्रशासन</u>**

१. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी नीति, कानून, मापदण्ड, सूचक र कार्यक्रम तर्जुमा, एवं कार्यान्वयनमा समन्वय गर्ने

२. अनुगमन तथा मूल्याङ्कनका सूचकहरूको आधारमा कार्यक्रम र आयोजनाको नियमित अनुगमन एवं मूल्याङ्कन सम्बन्धी कार्य गर्ने

३. वार्षिक एवं चौमासिक प्रगति विवरणहरूको संकलन, विश्लेषण एवम् पृष्ठपोषण सम्वन्धी कार्यमा सहयोग

४. आयोजना कार्यान्वयनमा देखिएका समस्याहरु उपर छलफल तथा आवश्यक निर्देशन दिने कार्यमा सहयोग

५. वार्षिक तथा आवधिक आयोजनाहरूको अद्यावधिक अभिलेख राख्ने तथा समीक्षा गर्ने र देखिएका बाधा अड्चन फुकाउने सम्बन्धमा आवश्यक कारवाही गर्ने सम्बन्धी कार्यमा सहयोग

६. कर्मचारीहरु व्यक्तिगत फायलहरुको व्यवस्थापन गर्ने

७. कर्मचारीहरुलाई मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा खटाउने कार्यमा सहयोग

८. मन्त्रालयको वार्षिक योजनाहरुको छनौटमा सचिवालयको भूमिका निर्वाह गर्ने ।
९. का.स.मु.को अभिलेख व्यवस्थापन र का.स.मु. मुल्याङ्कन गर्ने/गराउने व्यवस्था मिलाउने कार्यमा सहयोग
१०. संगठन, व्यवस्थापन सर्वेक्षण तथा व्यवस्थापन परीक्षण लागि आन्तरिक तयारी गर्ने ।
११. अन्य निकायहरुबाट माग गरिएका विवरणहरु उपलब्ध गराउने ।
१२. सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गर्नुपर्ने कार्यहरुमा खरिद ईकाइ तथा मुल्याङ्कन समितिमा रहि भुमिका निर्वाह गर्ने ।
१३. कर्मचारीहरुको अभिलेख व्यवस्थापनको कार्य
१४. कर्मचारी प्रशासन सम्बन्धी राय माग भएमा पेश गरी निर्णयानुसार राय पठाउने
१५. कर्मचारीहरुको नियमानुसार हुने बढुवा तथा स्तरवृद्धिमा सचिवालयको भूमिका निर्वाह
१६. यस मन्त्रालयको कार्यक्षेत्र भित्र बनेका ऐन/नियमहरुको पालना गराउने सन्दर्भमा Advocacy गर्न कानुन शाखा सँग समन्वय गर्ने
१७. यस मन्त्रालय तथा मातहतका निकायहरुको अनुगमन/मूल्याङ्कन गर्ने कार्यमा सहभागि भई Reporting गर्ने कार्य।
१८. अन्य शाखाको कार्यविवरणमा नपरेका कार्यहरु गर्ने

**<u>आर्थिक प्रशासन शाखा</u>**
**<u>लेखा अधिकृत-(अधिकृत सातौं/आठौं)सामान्य प्रशासन</u>**

१. आर्थिक कारोबारसँग सम्बन्धित काम र जिम्मेवारी बहन गरी भुक्तानी/निकासा माग गर्ने व्यवस्था मिलाउने
२. निकासा भएको रकमको खर्चको हिसाब रीतपूर्वक राख्ने, खर्चको फाँटवारी तथा आर्थिक विवरण, प्रतिवद्ध दायित्वको विवरण, चल/अचल सम्पत्तिको विवरण तयार गर्ने, त्यस्तो फाँटबारी तथा आर्थिक विवरण कार्यालय प्रमुख वा तोकिएकव अधिकृतबाट प्रमाणित गराई समयमै सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायमा पठाउने र लेखापरीक्षण गराउने
३. शोधभर्नाको लागि आवश्यक विवरण निर्धारित समयभित्रै तयार गरी सम्बन्धित निकायमा पठाउने,
४. लेखापरीक्षणबाट कायम हुन आएको बेरुजुको लगत राख्ने, बेरुजु फस्यौट गर्ने/गराउने र नियमित गर्नुपर्ने विषयमा आवश्यक कागजात विवरण संलग्न गरी जिम्मेवार व्यक्ति समक्ष पेश गर्ने
५. आफू सरुवा वा बढुवा भई जाँदा आफ्नो जिम्माको सम्पूर्ण स्रेस्ता, नगद र बैङ्क मौज्दात, बेरुजु लगत र अभिलेख हालवाला वा निजलाई बुझाउने गरी मातह कर्मचारीहरुलाई बरबुझारथ गर्ने
६. कार्यालयको आर्थिक कारोबरको सम्बन्धमा कार्यालय प्रमुखलाई राय दिने
७. मन्त्रालयको केन्द्रीय लेखा तयार गर्ने

## कानून तथा फैसला कार्यान्वयन शाखा
## कानून अधिकृत-रा.प. तृतीय श्रेणी (न्याय/कानून)

१. मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित आवश्यक नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन लगायतका कानूनकोमसौदा तर्जूमा एवम् परिमार्जन सम्बन्धी कार्य।
२. मन्त्रालय र अन्तर्गतका निकायहरुको क्रियाकलाप सञ्चालनमा आवश्यक पर्ने ऐन नियम तथा विनियम तर्जुमा गर्ने, कार्यान्वयनको अनुगमन र कानूनी वाधा अड्चन फुकाउने सरसल्लाह दिने सम्बन्धी कार्य
३. मन्त्रालय र अन्तर्गतका निकायहरुलाई आवश्यक पर्ने कानूनी राय सुझाव दिने।
४. मन्त्रालयसंग सम्बन्धित सरकारी मुद्दा मामिला सम्बन्धी प्रतिरक्षात्मक कार्य गर्ने।
५. मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित फैसलाहरूको कार्यान्वयन गर्ने सम्बन्धी कार्य।
६. अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य।
७. प्रत्यायोजित अधिकार अनुसारको कार्य।
८. प्रदेश सरकार तथा मन्त्रालयबाट निर्णय भए अनुसारका अन्य कार्य।

## श्रम तथा रोजगार प्रवर्द्धन शाखा
## शाखा अधिकृत- (अधिकृत सातौं/आठौं)सामान्य प्रशासन

१. रोजगारी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।
२. प्रदेशभित्र रोजगारी प्रवर्द्धन सम्बन्धमा संघीय मन्त्रालय, स्थानीय तह, रोजगारदाता, औद्यगिक प्रतिष्ठानसंग समन्वय र सहकार्य गर्ने।
३. स्वरोजगारका लागि उद्यमशीलता विकास, तालिम, औद्योगिक प्रशिक्षण आदिका लागि सहजीकरण गर्ने।
४. बैदेशिक रोजगारमा जान चाहने जनशक्तिको सीप विकास गर्ने।
५. बैदेशिक रोजगारमा जाने र फर्कने नागरिकको अभिलेख व्यवस्थापन गर्ने।
६. बैदेशिक रोजगारबाट फर्केकाहरुको ज्ञान, सीप, पुँजी उपयोग गर्ने नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने।
७. श्रम तथा रोजगार सम्बन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, संरक्षणात्मक उपाय र पुनर्स्थापनामा गर्ने।
८. श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा र सामाजिक सम्वाद सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने।
९. सामाजिक सुरक्षा कोष व्यवस्थापन र नियमन सम्वन्धमा संघ प्रादेशिक निकाय तथा स्थानीय तहसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने।

१०. श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान, श्रमशक्ति सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्ने।
११. प्रदेश श्रम सल्लाहकार परिषद् सम्बन्धी कार्यहरु गर्ने।
१२. औद्योगिक विवाद समाधान र श्रम सम्बन्धमा सुधारमा सहजीकरण गर्ने।
१३. श्रम तथा रोजगारीका क्षेत्रका कार्य गर्ने राष्ट्रिय/अन्तराष्ट्रिय संघ सस्थासंग समन्वय र सहकार्य गर्ने।
१४. प्रदेशभित्रका स्थानीय तहको रोजगार सेवा केन्द्रसंग समन्वय र सहकार्य गर्ने।
१५. प्रदेशभित्र श्रम तथा रोजगारीका क्षेत्रमा भएका क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने।

**<u>शैक्षिक योजना तथा अनुसन्धान महाशाखा</u>**

**<u>उपसचिव- (अधिकृत नवौं/दशौं) शिक्षा प्रशासन</u>**

१. शिक्षा सम्वन्धि राष्ट्रिय, अन्तरराष्ट्रिय एवम् राष्ट्रसंघीय सम्झौता, घोषणा तथा प्रतिवद्धता अन्तर्गतका विभिन्न नीति, आयोजना साथै राष्ट्रिय अभियानलाई प्रदेशस्तरमा कार्यान्वयनको व्यवस्था गर्ने ।
२. प्रदेशस्तरमा दिगो विकासका लक्ष्य अन्तर्गतको विद्यालय शिक्षा क्षेत्र योजना (SESP), प्रारम्भिक पठनसीप परीयोजना, शिक्षाका लागि खाद्यान्न आयोजना लगायतका सवै प्रकारका परियोजना कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने।
३. शिक्षाको प्रादेशिक नीति तथा कानुन निर्माणका लागि मन्त्रालय तथा अन्य निकाय र सरोकावरवालासँग समन्वय गर्ने।
४. शिक्षाको प्रादेशिक नीति तथा कानुन अनुसार प्रादेशिक गुणस्तर मापदण्ड निर्धारण, अनुगमन र परीक्षण गर्ने ।
५. प्रदेशका लागि मानव संशाधन आवश्यकता प्रक्षेपण गर्ने तथा प्रादेशिक जनशक्ति योजना तर्जुमा गर्ने ।
६. जिल्ला तथा स्थानीय तहमा रहेका शिक्षा निकायहरु एवम् विद्यालयहरूलाई योजनाको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने गरी समन्वय गर्ने ।
७. शिक्षा क्षेत्रमा काम गर्ने कर्मचारी प्राविधिज्ञ तथा शिक्षकका लागि सेवाकालिन लगायतका सवै प्रकारका क्षमता विकास कार्यक्रम प्रयोजनका लागि नीतिगत मार्गदर्शन तयारी गर्ने ।
८. प्रदेशस्तरमा राष्ट्रिय पाठ्यक्रम प्रारुप अनुसार विद्यालय तहको पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माण उत्पादन र प्रकाशन एवम् विद्यालयमा वितरणको व्यवस्था मिलाउने ।
९. राष्ट्रिय मापदण्ड अनुसार सामुदायिक तथा संस्थागत विद्यालयका लागि निजि क्षेत्रवाट प्रकाशित पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री प्रयोगका लागि आवश्यक कार्य गर्ने।
१०. व्यवस्थित तथ्याङ्क एवम् सूचनाहरुका आधारमा सामाजिक विकास मन्त्रालय लगायत अन्य कार्यालयहरुका योजना निर्माण र निर्णय प्रकृयामा सहजीकरण गर्ने ।
११. शैक्षिक अनुसन्धानका तथ्यहरुका आधारमा प्रदेशस्तरको शिक्षाको नीति कानुन प्रशासन र नियमन गर्न प्राविधिक सहयोग गर्ने ।
१२. प्रदेशभरका विद्यालयमा पाठ्यक्रम कार्यान्वनको अनुगमन तथा सहजीकरण गर्ने र प्रतिवेदन तयार पार्ने ।

१३. प्रदेशभित्रका विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको अनुगमन निगरानी तथा सहजीकरण गर्ने ।
१४. साविकका क्षेत्रीयस्तरमा स्थापना गरिएका निजामति विद्यालयको व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने।
१५. प्रदेशिक नीति र कानून अनुसार प्राविधिक धारका विद्यालय अनुमति तथा गर्ने ।
१६. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्वन्धी खोज आविष्कार तथा विद्यालय एवम् उच्च शिक्षामा विज्ञान र प्रविधिको पठनपाठन व्यवस्था प्रवर्धन सम्वन्धी व्यवस्थापकीय कार्य गर्ने ।
१७. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्वन्धी प्रादेशिक नीति तथा मापदण्ड एवम् पाठ्यक्रम र पाठ्यसामग्री तर्जुमा गर्न आधारहरु तथा सामग्रीहरु विकास गर्ने ।
१८. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको छात्रवृत्तिको मापदण्ड र नियमन सम्वन्धी कार्यहरु गर्ने ।
१९. नमूना विद्यालय विस्तार तथा व्यवस्थापकीय सुधारका लागि विशेष कार्यक्रम कार्यान्वयन एवम् नियमन गर्ने।
२०. विद्यालय तहको शिक्षकको सेवा शर्त योग्यता र सक्षमताको अगुगमन तथा पृष्ठपोषण सम्वन्धी कामहरु गर्ने।
२१. शिक्षकका लागि सेवाकालिन तालिम लगायतका सवै प्रकारका क्षमता विकास कार्यक्रम प्रयोजनका लागि आधार र मापदण्ड तथा मार्गदर्शन तयार गरी पेश गर्ने।
२२. प्रदेशको विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधार सम्वन्धी कार्यक्रमहरु वनाइ स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने ।
२३. माध्यमिक तह सम्मको विद्यालय शिक्षाको व्यवस्थापन र सञ्चालन सम्वन्धमा मागको आधारमा स्थानीय तहलाई आवश्यक सहयोग तथा सहजीकरण गर्ने ।
२४. महाशाखाबाट सम्पादित कार्यको अनुगमन, मूल्याङ्कन गर्ने ।
२५. तोकिएका अन्य कार्यहरु गर्ने ।

**शैक्षिक योजना तथा अनुसन्धान शाखा**
**शाखा अधिकृत-(अधिकृत सातौं/आठौं)शिक्षा प्रशासन**

१. प्रदेशस्तरको शिक्षाका नीति कानुन प्रशासन र नियमन गर्न आवश्यक दस्तावेज तथा मस्यौदाहरु तयार गरी पेश गर्ने।
२. शिक्षा सम्वन्धी राष्ट्रिय अन्तरराष्ट्रिय एवम् राष्ट्रसंघीय सम्झौता घोषणा तथा प्रतिवद्धता अन्तर्गतका विभिन्न नीति आयोजना साथै राष्ट्रिय अभियानलाई प्रदेशस्तरमा कार्यान्वयनका लागि योजना तथा कार्यक्रम वनाइ पेश गर्ने ।
३. प्रदेशस्तरमा दिगो विकासका लक्ष्य अन्तर्गतको विद्यालय शिक्षा क्षेत्र योजना (SESP) प्रारम्भिक पठनसीप परीयोजना शिक्षाका लागि खाद्यान्न आयोजना लगायतका सवै प्रकारका परीयोजना कार्यान्वयन अवस्थाको समिक्षाका लागि प्रतिवेदनहरु तयार गरी पेश गर्ने ।
४. शिक्षाको प्रादेशिक नीति तथा कानुन निर्माणका लागि केन्द्र मार्फत दिइने सुझावको मस्यौदा वनाइ पेश गर्ने ।

५. शिक्षाको प्रादेशिक गुणस्तर मापदण्ड निर्धारण अनुगमन र परीक्षणका कार्य ढाँचा वनाइ पेश गर्ने ।

७ प्रदेशभित्रका निरक्षर जनसंख्यालाई साक्षर तुल्याउने र साक्षर जिल्ला तथा साक्षर प्रदेश घोषणा गर्ने विषयमा कार्यक्रमहरु वनाइ पेश गर्ने ।

८ शिक्षाका प्रादेशिक नीति तथा कानुन निर्माणका लागि केन्द्र मार्फत दिइने सुझावको मस्यौदा तयारीमा सहयोग गर्ने ।

९ शिक्षाको प्रादेशिक गुणस्तर मापदण्ड निर्धारण अनुगमन र परीक्षण गर्ने कामहरुसँग सम्वन्धित कार्यहरु गर्ने ।

१० प्रदेशस्तरमा पुस्तकालय तथा संग्रहालय सञ्चालनका लागि नीति कानुन मापदण्ड तयार गर्न सहयोग गर्ने।

११ प्रदेशस्तरमा विद्यालय तहको पाठ्यक्रम एवम् पाठ्यपुस्तक निर्माण उत्पादन र प्रकाशन एवम् विद्यालयमा वितरणको व्यवस्था मिलाउने ।

१२ प्रदेशभित्रका विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको अनुगमन निगरानी तथा सहजीकरण गर्ने ।

१३ साविकका क्षेत्रस्तरमा स्थापना गरिएका निजामति विद्यालयको व्यवस्थापन गर्न आवश्यक व्यवस्था गर्ने।

१४ सम्वन्धित स्विकृत कार्यक्रमहरुको प्रगति समिक्षाका लागि प्रतिवेदन तयारी गर्ने ।

१५ प्रदेश स्तरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली अद्धयावधिक गर्ने ।

१६ उपसचिववाट तोकिएका अन्य कार्यहरु गर्ने ।

**<u>प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा</u>**

**<u>शाखा अधिकृत-(अधिकृत सातौं/आठौं)शिक्षा प्रशासन</u>**

१. प्राविधिक धारका विद्यालय अनुमति तथा व्यवस्थापन एवम् विकास र विस्तार कार्य सञ्चाचलन गर्ने ।

२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्वन्धी खोज आविष्कार तथा विद्यालय एवम् उच्च शिक्षामा विज्ञान र प्रविधिको पठनपाठन व्यवस्था प्रवर्धन सम्वन्धी व्यवस्थापकीय कार्य गर्ने ।

३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्वन्धी प्रादेशिक नीति तथा मापदण्ड एवम् पाठ्यक्रम र पाठ्यसामग्री तर्जुमा गर्न मन्त्रालयलाई सहजीकरण गर्ने खालका आधारहरु तथा सामग्रीहरु विकास गर्ने।

४. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको छात्रवृत्तिको मापदण्ड र नियमन सम्वन्धी कार्यहरु गर्ने।

**<u>शिक्षा युवा तथा खेलकुद महाशाखा</u>**

**<u>उपसचिव- (अधिकृत नवौं/दशौं) शिक्षा प्रशासन</u>**

१. मन्त्रालयको कार्यक्षेत्र अनुसार विषयक्षेत्रगत र महाशाखा अन्तर्गतका शाखाहरूबाट सम्पादन हुने गरी निर्धारित कार्यक्रमहरूका लागि वार्षिक नीति,योजना कार्यक्रम तथा वजेट निर्माण कार्य गर्ने, गराउने।

२. मन्त्रालयको अनौपचारिक शिक्षा, विशेषा शिक्षा, उच्च शिक्षा, तथा युवा तथा खेलकुद, विज्ञान तथा प्रविधि क्षेत्रका सघ शसर्त अनुदान, विशेष अनुदान र प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रमका लागि नीति तथा कार्यक्रम र बजेट निर्माण र कार्यान्वयन गर्ने गराउने ।

३. महाशाखा वा अन्तर्गत शाखाबाट सम्पादन गर्नुपर्ने स्वीकृत कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट तर्जुमा, कार्यान्वयन तथाअनुगमन योजना बनाई स्वीकृत गर्ने, गराउने ।
४. मन्त्रालयबाट स्वीकृत कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्न आर्थिक मामिला तथा योजनामन्त्रालय तथा अन्य निकायको समेत स्वीकृति लिनुपर्ने विषयमा औचित्य खोली राय साथ फायलपेश गर्ने । प्रदेश विश्वविद्यालय स्थापना सञ्चालन तथा नियमनको आधार तथा मापदण्ड तयार गरी पेश गर्ने ।
५. शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण अनुमति तथा नियमन सम्वन्धी कार्यहरु गर्ने ।
६. स्वीकृत कार्यक्रम/आयोजना मन्त्रालयस्तरबाट सञ्चालन गरिने भए कार्यक्रम सञ्चालनको लागि उक्तकार्यक्रमको लक्ष, उद्देश्य, क्रियाकलाप, बजेट, समय, लगायत आवश्यक सूचकाइ तोकी कार्यान्वयनयोजना तयार गर्ने, स्वीकृत गराउने ।
७. Cross Cutting विषयहरुलाई सबै महाशाखासँग समन्वय गरी मन्त्रालयको भावी नीति तथा योजनामासमावेश गर्ने/गराउने ।
८. मन्त्रालय अन्तर्गतका निकायहरूबाट संचालन हुने गरी स्वीकृत भएका महाशाखा अन्तर्गतका प्रदेश सरकारका कार्यक्रमहरू, नेपाल सरकारबाट प्राप्त सशर्त तथा विशेष अनुदानका कार्यक्रमहरू कार्यान्वयनका लागि सहजीकरण गर्ने,अनुगमन गर्ने तथा प्रतिवेदन संकलन गरी पेश गर्ने ।
९. मन्त्रालय अन्तर्गतका निकायबाट आयोजना कार्यान्वयन गराउनुपर्ने भएमा आयोजना कार्यान्वयनसम्बन्धी कार्यविधि, निर्देशिका, मार्गदर्शनको मस्यौदा तयार गरी राय सहित स्वीकृतिका लागि पेश गर्ने।
१०. कार्यान्वयनमा गएका आयोजनाहरु समयमै सम्पन्न गर्ने, गराउने र समयमै प्रगती विवरण तयार गरीएकमुष्ट रुपमा प्रशासन तथा योजना महाशाखा मार्फत मन्त्रालयमा पेश गर्ने ।
११. आफ्नो महाशाखा अन्तर्गतका शाखाका प्रमुख र अन्य कर्मचारीहरुको जिम्मेवारी तोक्ने, कार्य विवरण तयार गर्ने, स्वीकृत गराउने तथा थप जिम्मेवारी दिने ।
१२. आफ्नो महाशाखाको कार्यक्षेत्रसँग सम्बन्धित अन्य निकाय, संघसंस्था समिति आदिको कार्यक्रमको लागि विनियोजित सशर्त अनुदान सम्बन्धी कार्यक्रम समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाउने रतीकार्यक्रमको कार्यान्वयनको प्रगती विवरण नियमित रुपमा लिने व्यवस्था गर्ने र सो को अनुगमन समेत गर्ने ।
१३. मन्त्रालय अन्तरगतका अन्य निकायबाट संचालन हुने गरी निर्धारण भएका महाशाखा अन्तर्गतका कार्यक्रमहरूका सम्वन्धमा समन्वय र सहजीकरण गर्ने ।
१४. नेपाल सरकारबाट सशर्त तथा विशेष अनुदानका रुपमा प्राप्त भएका महाशाखा अन्तर्गतका कार्यक्रमहरू निर्धारित मापदण्ड र कार्यविधि अनुसार कार्यान्वयन गर्ने गराउने ।
१५. नीतिगत निर्णयसँग सम्बन्धित र गोप्य पत्र बाहेक आफ्नो महाशाखा अन्तर्गतका सामान्य प्रकृतिका पत्रहरु तोक आदेश गरी कार्यान्वयन गर्ने, गराउने ।
१६. मन्त्रालयबाट निर्णय भएका महाशाखाको कार्यक्षेत्रका विषयमा सम्बन्धित निकायमा पत्राचार गर्ने, ताकेता गर्ने, प्रगति विवरण लिइ मन्त्रालयलाई जानकारी गराउने/प्रतिवेदन पेश गर्ने ।
१७. आफ्नो महाशाखा अन्तरगतका कर्मचारीको कार्य सम्पादन मूल्यांकन गर्ने, गराउने ।
१८. प्रदेश विकास स्वयंसेवक परिचालन सम्वन्धी कार्य कार्य गर्ने,
१९. खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धनका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गराउने,
२०. खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमन सम्वन्धी कार्य गर्ने,

२१. राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र अन्य प्रतियोगितामा प्रदेशको सहभागिताका लागि कार्यक्रम तर्जुमा भए बमोजिम सहभागी गराउन प्रदेश खेलकुद विकास बोर्डसँग समन्वय गर्ने,

२२. मन्त्रालयका युवा तथा खेलकुद सम्वन्धी कार्यक्रम कार्यान्वियन गर्ने गराउने र कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार प्रदेश खेलकुद विकास बोर्ड, खेल सम्वन्धी संघ संस्था र अन्य निकायसँग समन्वय गर्ने।

२३. तोकिएका अन्य कार्यहरु गर्ने, गराउने ।

**शाखा अधिकृत-(अधिकृत सातौं/आठौं)शिक्षा प्रशासन**

**उच्च शिक्षा शाखा**

१. प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्ने

२. ब्रिज कोर्ष र भाषा शिक्षणको मापदण्ड निर्धारण, अनुमति तथा नियमन गर्ने ।

३. प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयनगर्ने।

४. प्रदेश स्तरमा प्राज्ञिक अनुसन्धान केन्द्र स्थापना, संचालन र ब्यवस्थापनमा पहल गर्ने ।

५. उच्च शिक्षाको छात्रवृत्ति व्यवस्थापन गर्ने ।

६. आफ्नो महाशाखा र अन्तर्गत शाखाले सम्पादन गर्न पर्ने कार्यहरूको प्रगति विवरण तयार गर्ने ।

७. आफ्नो महाशाखा र अन्तर्गत शाखाले सम्पादन गर्न पर्ने कार्यहरूको कार्य योजना निर्माण गर्ने ।

८. आफ्नो महाशाखा र अन्तर्गत शाखाबाट सम्पादन हुने कार्यहरूको अनुगमन , निरीक्षण र सूपरीवेक्षण तथा मूल्यांकन गर्ने ।

९. महाशाखा प्रमुख/मन्त्रालयबाट तोकिएका कार्यहरू कार्ययोजना अनुसार सम्पादन गर्ने ।

१०. आफ्नो शाखावाट सम्पादन गरिने र गरिएका कार्यहरूको व्यवस्थित अभिलेख राख्ने ।

११. शाखा अन्तर्गतको कार्यक्षेत्रमा पर्ने कार्यक्रमहरूको प्रस्तावित वजेट तर्जुमा, वाडफाँड, कार्यान्वयन तथा अनुगमन योजना बनाइ महाशाखा प्रमुख समक्ष पेश गर्ने ।

**निरन्तर तथा विशेष शिक्षा शाखा**

**शाखा अधिकृत-(अधिकृत सातौं/आठौं)शिक्षा प्रशासन**

१. निरन्तर तथा विशेष शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम तर्जूमा, योजना निर्माण, बजेट तयारी र कार्यान्वयन गर्ने गराउने,

२. अनौपचारिक तथा साक्षरता र विशेष शिक्षा कार्यक्रमको कार्यक्रम कार्यान्वयन पुस्तिका तयार गरी कार्यान्वयन गर्ने,
३. प्रदेशभित्र सञ्चालित विशेष शिक्षा विद्यालयहरु, विशेष स्रोतकक्षाहरु, मातृभाषामा पठनपाठन गराउने विद्यालयहरुको सञ्चालन तथा व्यवस्थापनका लागि प्रोत्साहन अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउने,
४. विशेष प्रकृतिका बालबालिकाहरु अध्ययन गर्ने स्रोतकक्षाका CARETAKER हरुका लागि प्रोत्साहन अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउने,
५. प्रदेशभित्र सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरुको व्यवस्थापन सुदृढीकरणका लागि प्रोत्साहन अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउने,
६. प्रदेशभित्र सञ्चालित निरन्तर तथा विशेष शिक्षा सम्बन्धी सबै प्रकारका संस्थाहरुको तथ्याङ्क अभिलेखीकरण एवम् अद्यावधिक गर्ने,
७. अनौपचारिक तथा साक्षरता र विशेष शिक्षा कार्यक्रम सम्बन्धी सम्पूर्ण अभिलेखहरु सुरक्षित गर्ने,
८. प्रदेशभित्र सञ्चालित निरन्तर तथा विशेष शिक्षा सम्बन्धी संस्थाहरुको सञ्चालन तथा व्यवस्थापनमा थप सुदृढिकरण गर्न अध्ययन अनुसन्धान गर्ने,
९. प्रदेशभित्र सञ्चालित निरन्तर तथा विशेष शिक्षा सम्बन्धी संस्थाहरुको नियमित अनुगमन,नीरीक्षण तथा नियमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

**युवा तथा खेलकुद शाखा**
**शाखा अधिकृत-(अधिकृत सातौं/आठौं)शिक्षा प्रशासन**

१. युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमनसम्वन्धी कार्यमा सहयोग गर्ने,
२. युवाहरुको सीप विकास तथा युवा वैज्ञानिकहरुलाई प्रोत्साहन सम्वन्धी तर्जुमा भएका कार्यक्रम कार्यान्वयन गर्ने गराउने
३. खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमनका लागि सहयोग गर्ने,
४. प्रदेश विकास स्वयंसेवक परिचालन सम्वन्धी कार्य गर्ने,
५. खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्धनका लागि कार्यक्रम तर्जुमा गर्न सहयोग गरी कार्यान्वयन गराउने,
६. खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन सम्वन्धी कार्य गर्ने,

७. राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र अन्य प्रतियोगितामा प्रदेशको सहभागिताका लागि कार्यक्रम तर्जुमा भए बमोजिम सहभागी गराउन प्रदेश खेलकुद विकास बोर्डलाई सहयोग गर्ने,

८. प्रदेश स्तरमा युवा तथा खेलकुदका क्षेत्रमा माग भएका कार्यक्रम संकलन गरी बजेट तथा कार्यक्रम तर्जुमा गर्दा पेश गर्ने,

९. प्रदेश तथा स्थानीय स्तरमा हुने खेलकुदहरु, स्थानीय, जिल्ला तथा प्रदेश स्तरका खेलमैदान रंगशाला लगायतको अभिलेख राख्ने,

१०. मन्त्रालयका युवा तथा खेलकुद सम्वन्धी कार्यक्रम कार्यान्वयन गर्न गराउनेर कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार प्रदेश खेलकुद विकास बोर्ड, खेल सम्वन्धी संघ संस्था र अन्य निकायसँग समन्वय गर्ने।

११. शाखाबाट सम्पादित कार्यको अनुगमन, मूल्याङ्कनमा सहयोग गर्ने ।

१२. युवा तथा खेलकुद सम्वन्धी अन्य तोकिएका कार्यहरु गर्ने ।

**<u>संस्कृति तथा पूरातत्व महाशाखा</u>**

**<u>उपसचिव- (अधिकृत नवौं/दशौं) शिक्षा प्रशासन</u>**

१. संस्कृतिको विकास सम्वन्धी नीति तथा कानून तर्जुमा, कार्यान्वयन र नियमनका लागि कार्यविधि, निर्देशिका, मार्गदर्शनको मस्यौदा तयार गरी राय सहित स्वीकृतिका लागि पेश गर्ने।

२. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति,कानून र मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्न कार्यविधि, निर्देशिका, मार्गदर्शनको मस्यौदा तयार गरी राय सहित स्वीकृतिका लागि पेश गर्ने।

३. ऐतिहासिक, धार्मिक, सास्कृतिक एवम् कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिक स्तरका दरबारहरूको संरक्षण संभार र अध्ययन अनुसन्धान तथा व्यवस्थापन,का लागि आवश्यक कार्य गर्ने

४. ऐतिहासिक महत्वका धार्मिक, सांस्कृतिक धरोहर संरक्षण सम्वन्धी नीति र कानून तर्जुमा, कार्यान्वयन अध्ययन, अनुसन्धानसम्वन्धी कार्य गर्ने

५. सांस्कृतिक परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन,

६. प्रदेसमा स्थापित सामुदायिक तथा वद्यालय शिक्षालयमा रहेका पुस्तकालयहरू व्यवस्थापनका लागि प्रदेशस्तरीय कार्यविधि, निर्देशिका, मार्गदर्शनको मस्यौदा तयार गरी राय सहित स्वीकृतिका लागि पेश गर्ने।

७. प्रदेशमा वोलिने भाषाको संरक्षणका लागि आवश्यक कार्य गर्ने

८. संग्रहालय स्थापना विकास तथा सुदृढीकरणका लागि प्रदेशस्तरीय कार्यविधि, निर्देशिका, मार्गदर्शनको मस्यौदा तयार गरी राय सहित स्वीकृतिका लागि पेश गर्ने ।

**भाषा पुस्तकालय तथा संस्कृति शाखा**
**शाखा अधिकृत-(अधिकृत सातौं/आठौं)शिक्षा पुरातत्व**

१. प्रदेशभित्र रहेका भाषा, लिपि,संस्कृति र ललितकलाको संरक्षण गर्न नीति कानून तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने गराउने ।
२. प्रदेशभित्र भाषा, साहित्य, कलाको विकासका लागि कार्यक्रमहरु तयारी गर्ने र कार्यान्वयन गराउने ।
३. प्रदेशभित्र रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक स्थलहरुको खोज अध्ययन तथा अनुसन्धान गर्ने गराउने ।
४. प्रदेशभित्र रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक स्थलहरुको संरक्षण गर्ने गराउने ।
५. प्रदेशभित्र रहेका ऐतिहासिक, पूरातात्विक, धार्मिक, साँस्कृतिक स्थलहरुको अभिलेखीकरण गराउने ।
६. प्रदेशभित्र रहेका जातीय तथा सांस्कृतिक संग्रहालयहरुको व्यवस्थापन, अभिलेखिकरण गर्ने गराउने ।
७. प्रदेशभित्र रहेका परम्परागत रुपमा चली आएका जात्रा पर्वहरु र गुठीहरुको संरक्षण र व्यवस्थापन गर्ने।
८. प्रदेशभित्र रहेका सामुदायिक पुस्तकालयहरुको अभिलेखीकरण सुदृढिकरण गर्ने ।
९. प्रदेशभित्र आफ्नो कार्य क्षेत्र भित्र परेका रहेका ऐतिहासिक, पुरातत्विक, धार्मिक, साँस्कृतिक स्थलहरु, संग्रहालय अनुगमन, निरीक्षण गरी पृष्ठपोषण गर्ने गराउने ।
१०. आफ्नो कार्य क्षेत्र भित्रको नीति तथा कार्यक्रम निर्माण, बजेट तयारी तथा कार्यान्वयन गर्ने गराउने ।

**पुस्तकालय तथा संग्रहालय शाखा**
**अधिकृत-(अधिकृत सातौं/आठौं)शिक्षा पुरातत्व**

१. प्रदेशभित्र रहेका संग्रहालय तथा ऐतिहासिक पुरातात्विक स्थलहरुको संरक्षण गर्न नीति, कानून तथा योजना निर्माण गरी कार्यान्वयन गर्ने गराउने।
२. संग्रहालय तथा पुरातत्व सम्बन्धी कार्यक्रम बनाई कार्यान्वयन गर्ने।
३. प्रदेशभित्रका ऐतिहासिक पुरातात्विक स्थल तथा सम्पदाहरुको संरक्षण, सम्वर्दन, अध्ययन तथा अनुसन्धान गर्ने।
४. प्रदेशभित्र रहेका जातीय तथा सांस्कृतिक संग्रहालयहरुको ब्यवस्थापन, अभिलेखीकरण गर्ने, गराउने।
५. प्रदेश संग्रहालय स्थापना, सञ्चालन तथा ब्यवस्थापन सम्बन्धी कार्य गर्ने।
६. संग्रहालय तथा पुरातत्व शाखासंग सम्बन्धित मातहतका निकायहरुसंग समन्वय गर्ने।
७. संग्रहालय तथा पुरातत्व शाखा सम्बन्धित सम्पुर्ण कार्य गर्ने।
८. शाखा अन्तर्गतका अन्य कर्मचारीहरुसंग समन्वय तथा सहकार्य गर्ने।
९. प्रदेशभित्रका संग्रहालय तथा पुरातात्विक स्थलहरुको अवलोकन, अनुगमन तथा अभिलेखांकन गर्ने।

## सामाजिक विकास महाशाखा

## उपसचिव- (अधिकृत नवौं/दशौं) विविध/प्रमुख महिला विकास अधिकृत

१. मन्त्रालयको कार्यक्षेत्र अनुसार विषयक्षेत्रगत र महाशाखा अन्तर्गतका शाखाहरूबाट सम्पादन हुने गरि निर्धारित कार्यक्रमहरूका लागि वार्षिक नीति,योजना कार्यक्रम तथा वजेट निर्माण कार्य गर्ने, गराउने।
२. मन्त्रालयको कार्यक्षेत्र अनुसार समाजिक विकास तर्फका सघ शसर्त अनुदान, विशेष अनुदान र प्रदेश सरकारबाट सञ्चालन हुने कार्यक्रमका लागि नीति तथा कार्यक्रम र बजेट निर्माण र कार्यान्वयन गर्ने गराउने ।
३. महाशाखा वा अन्तर्गत शाखाबाट सम्पादन गर्नुपर्ने स्वीकृत कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट तर्जुमा, कार्यान्वयन तथाअनुगमन योजना बनाई स्वीकृत गर्ने, गराउने ।
४. मन्त्रालयबाट स्वीकृत कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्न आर्थिक मामिला तथा योजनामन्त्रालय तथा अन्य निकायको समेत स्वीकृति लिनुपर्ने विषयमा औचित्य खोली राय साथ फायलपेश गर्ने ।
५. स्वीकृत कार्यक्रम/आयोजना मन्त्रालयस्तरबाट सञ्चालन गरिने भए कार्यक्रम सञ्चालनको लागि उक्त कार्यक्रमको लक्ष्य, उद्देश्य, क्रियाकलाप, बजेट, समय, लगायत आवश्यक सूचकांक तोकी कार्यान्वयन योजना तयार गर्ने, स्वीकृत गराउने ।
६. Cross Cutting विषयहरुलाई सबै महाशाखासँग समन्वय गरी मन्त्रालयको भावी नीति तथा योजनामासमावेश गर्ने/गराउने ।
७. मन्त्रालय र अन्तर्गतका निकायहरूबाट संचालन हुने गरी स्वीकृत भएका महाशाखा अन्तर्गतका प्रदेश सरकारका कार्यक्रमहरू, नेपाल सरकारबाट प्राप्त सशर्त तथा विशेष अनुदानका कार्यक्रमहरू कार्यान्वयनका लागि सहजीकरण गर्ने, अनुगमन गर्ने तथा प्रतिवेदन संकलन गर्ने ।
८. मन्त्रालय अन्तर्गतका निकायबाट आयोजना कार्यान्वयन गराउनुपर्ने भएमा आयोजना कार्यान्वयन सम्बन्धी कार्यविधि, निर्देशिका, मार्गदर्शनको मस्यौदा तयार गरी राय सहित स्वीकृतिका लागि पेश गर्ने।
९. कार्यान्वयनमा गएका आयोजनाहरु समयमै सम्पन्न गर्ने, गराउने र समयमै प्रगती विवरण तयार/संकलन गरी मन्त्रालयमा पेश गर्ने ।
१०. महाशाखाको कार्यक्षेत्रसँग सम्बन्धित अन्य निकाय, संघसंस्था समिति आदिको कार्यक्रमको लागि विनियोजित सशर्त अनुदान सम्बन्धी कार्यक्रम समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,तीकार्यक्रमको कार्यान्वयनको प्रगती विवरण नियमित रुपमा लिने र सो को अनुगमनसमेत गर्ने ।
११. मन्त्रालय अन्तरगतका अन्य निकायबाट संचालन हुने गरी निर्धारण भएका महाशाखा अन्तर्गतका कार्यक्रमहरूका सम्वन्धमा समन्वय र सहजीकरण गर्ने ।
१२. नेपाल सरकारबाट सशर्त तथा विशेष अनुदानका रुपमा प्राप्त भएका महाशाखा अन्तर्गतका कार्यक्रमहरू निर्धारित मापदण्ड र कार्यविधि अनुसार कार्यान्वयन गर्ने गराउने ।

१३. मन्त्रिपरिषद्‌को बैठक, संसद, माननीय मन्त्रीज्यू समक्ष पेश गर्नु पर्ने र नीतिगत निर्णय लिनुपर्ने विषयमा राय सहित पेश गर्ने सम्बन्धी कार्यहरु ।

१४. महाशाखाको कार्य क्षेत्र अन्तर्गतका अन्य विषयमा प्रचलित ऐन नियम र नीति निणर्यको सीमाभित्र रही अन्तिम टुङ्गो लगाउने वा सोको व्यवस्था मिलाउने र त्यस्ता नीति नियममा संशोधन सुधार गर्नु भएमा सोको राय पेश गर्नेसम्बन्धी कार्यहरु ।

१५. आफ्नो महाशाखा अन्तर्गका शाखाहरुको लागि विनियोजन भएको बजेटबाट बजेट फाँडफाँड तयार गरी स्वीकृत गर्ने, कार्यक्रम तयार गरी गराई स्वीकृत गर्ने व्यवस्था मिलाउने र प्रशासन महाशाखासंग समन्वय गरी खरीद योजना तयार गर्न लगाउने सम्बन्धी कार्यहरु ।

१६. तोकिएका अन्य कार्यहरु गर्ने, गराउने ।

**लैङ्गिक मूलप्रवाहीकरण तथा बालबालिका शाखा**
**महिला विकास अधिकृत-(अधिकृत सातौं/आठौं)विविध**

१. शाखासँग सम्बन्धित स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमहरुको वार्षिक कार्यक्रम कार्ययोजना तयार गर्ने ।

२. कार्ययोजना अनुसारका क्रियाकलाप तथा कार्यक्रम सञ्चालन गर्ने ।

३. लैंङ्गिक सम्पर्क विन्दुको रुपमा लैंङ्गिक उत्तरदायी बजेट निर्माणमा सहयोग तथा लैंङ्गिक परीक्षण तथा विश्लेषणमा सहयोग गर्ने ।

४. सम्पादित कामको प्रतिवेदन महाशाखा प्रमुख समक्ष पेश गर्ने ।

५. सामाजिक विकास संस्थाहरुको दर्ता, नविकरण, सुचीकृत र तिनीहरुको अभिलेखिकरण गर्ने ।

६. महाशाखा प्रमुखले समय समयमा तोकेका अन्य कार्यहरु गर्ने गराउने ।

**सामाजिक न्याय तथा संघसंस्था समन्वय शाखा**
**महिला विकास अधिकृत-(अधिकृत सातौं/आठौं)विविध**

१. बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथायोजना तर्जुमा, कार्यान्वयन र नियमन

२. सडक बालबालिका व्यवस्थापन तथा पुनर्स्थापनाका लागि समन्वयका कार्य

३. बालमैत्री शासकीय प्रबन्धका लागि समन्वय तथा अनुगमनका कार्य

४. अपाङ्गता भएका व्यक्तिहरुको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथायोजना तर्जुमा, कार्यान्वयन र नियमन

५. ज्येष्ठ नागरिकको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथायोजना तर्जुमा, कार्यान्वयन र नियमन
६. शाखामार्फत सम्पादन हुने कार्यक्रमका लागि वार्षिक नीति तथा कार्यक्रम एवं वजेट निर्माणमा सहजीकरण सम्बन्धी कार्य
७. शाखा अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रमको मार्गदर्शन तयारीमा सहजीकरण सम्बन्धी कार्य
८. शाखासँग सम्बन्धीत कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने कार्यविधि, निर्देशिका निर्माणका लागि सहजीकरण सम्बन्धी कार्य
९. शाखा अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन एवं प्रगति प्रतिवेदन तयारी सम्बन्धी कार्य
१०. प्रदेशस्तरमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य
११. शाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य
१२. शाखा अन्तर्गत रहेका विषयहरुको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, अध्यावधिक तथा विश्लेषण सम्बन्धी कार्य
१३. शाखासँग सम्बन्धित संघसंस्थाहरुसँगको समन्वय, सहकार्य र अनुगमन सम्बन्धी कार्य
१४. अन्य तोकिए बमोजिमका कार्यहरु
१५. प्रदेशस्तरमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र बालबालिकासम्बन्धी कार्यहरूको अनुगमन तथा मूल्याङ्कन
१६. शाखासँग सम्बन्धित विषयमा अभिलेख व्यवस्थापन सम्बन्धी कार्य
१७. शाखा अन्तर्गत रहेका विषयहरुको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, अध्यावधिक तथा विश्लेषण सम्बन्धी कार्य
१८. शाखासँग सम्बन्धित संघसंस्थाहरुसँगको समन्वय, सहकार्य र अनुगमन सम्बन्धी कार्य ।

## ४. मन्त्रालयबाट प्रदान गरिने सेवा

मन्त्रालयबाट सूचना माग सम्बन्धी सेवा सूचनाको हक सम्बन्धी ऐन/नियम अनुसार प्रदान हुने गरेको छ । निर्देशनालय, समिति, तालिम केन्द्र तथा स्थानीय तहहरूबाट हुने गरेको क्रियाकलापमा मन्त्रालयले नितिगत कार्य र समन्वय गर्ने तथा सो बिरूद्धको उजुरी तथा गुनासो सुन्ने गरेको छ ।

## ५. मन्त्रालयका महाशाखा, शाखा र जिम्मेवार अधिकारी एवम् सम्बन्धित शाखा प्रमुख

सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र भित्र समाहित नगरिएको विभिन्न क्रियाकलापहरू संचालन गर्न मन्त्रालयमा देहाय बमोजिमका शाखा महाशाखाहरूको व्यवस्था गरिएको छ। सो अनुसार मन्त्रालयका महाशाखा तथा शाखाहरूबाट सम्पादन गर्नुपर्ने गरी निर्दिष्ट गरिएको कार्यविवरण बुँदा नं. ३ मा उल्लेख गरिसकिएको छ ।

| सि. नं. | महाशाखा र शाखाको नाम | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| | सामाजिक विकास मन्त्रालय | मन्त्री | मा. पाँचकर्ण राई |
| | मा. मन्त्रीज्यूको सचिवालय | निजी सचिव | कमल नेपाली |
| | सामाजिक विकास मन्त्रालय | प्रदेश सचिव | हेमराज तामाङ |
| | सचिवज्यूको सचिवालय | निजी सचिव | सानुमाया घिसिङ्ग |
| १ | प्रशासन तथा योजना महाशाखा | उपसचिव | शम्भु प्रसाद साह |
| | १. प्रशासन, योजना तथा अनुगमन शाखा | शाखा अधिकृत | रोसुना कोइराला<br>विकेन पौडेल |
| | २. आर्थिक प्रशासन शाखा | ब.लेखा अधिकृत | भोलानाथ नेपाल |
| | ३. कानून तथा फैसला कार्यान्वयन शाखा | कानून अधिकृत | निर्मल भट्टराई |
| | ४. श्रम तथा रोजगार प्रवर्द्धन शाखा | शाखा अधिकृत | प्रदिप गौतम |
| २ | शैक्षिक योजना तथा अनुसन्धान महाशाखा | उपसचिव | लक्ष्मी न्यौपाने |
| | १. शैक्षिक योजना तथा अनुसन्धान शाखा | शाखा अधिकृत | पेशल कुमार राई |
| | २. प्राविधिक तथा व्यवसायिक शिक्षा शाखा | शाखा अधिकृत | डुण्डीराज पौडेल |
| ३ | उच्च शिक्षा तथा युवा खेलकुद महाशाखा | उपसचिव | दामोदर फुँयल |
| | १. उच्च शिक्षा शाखा | शाखा अधिकृत | कोमल बहादुर खड्का |
| | २. निरन्तर तथा विशेष शिक्षा शाखा | शाखा अधिकृत | |
| | ३. युवा तथा खेलकुद शाखा | शाखा अधिकृत | हरि प्रसाद दाहाल |
| ४ | संस्कृति तथा पुरातत्व महाशाखा | उपसचिव | यादव प्रसाद दुलाल |
| | १. भाषा पुस्तकालय तथासंस्कृति शाखा | पुरातत्व अधिकृत | भेषराज नेउपाने |
| | २. पुरातत्व तथा संग्राहलय शाखा | पुरातत्व अधिकृत | भेषराज नेउपाने |
| ५ | सामाजिक विकास महाशाखा | सह सचिव | दुर्गा भण्डारी बराल |
| | १. लैङ्गिक सशक्तीकरण तथा मूल प्रवाहीकरण शाखा | महिला विकास अधिकृत | |
| | २. सामाजिक न्याय तथा संघ संस्था समन्वय शाखा | महिला विकास अधिकृत | |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

६(१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

ब्रिज कोर्स र भाषा शिक्षण कक्षा संचालन अनुमतिका लागी निवेदन दस्तुर रु. ५,०००।-
ब्रिज कोर्स र भाषा शिक्षण कक्षा संचालन अनुमतिपत्र नविकरण दस्तुर रु. ३,०००।-
संस्था दर्ता शुल्क रु. ५,०००।-
संस्था नविकरण शुल्क रु. २,०००।-
सुचिकृत हुने निवेदन दस्तुर रु. १००।-
सुचिकृत नविकरण दस्तुर रु. १०००।-
सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य विशेष कानुनले तोके बमोजिमको दस्तुर ।

६(२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य बिशेष कानूनले अवधि तोकेकोमा सोही बमोजिम ।

## ७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारवाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव हेमराज तामाङ

## ९. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण

**सामाजिक विकास महाशाखा**

नेपालको संविधानले समावेशी र समतामूलक समाजको परिकल्पना गरेको छ । सोहि संन्दर्भमा लैङ्गिक समानता कायम गर्नका लागि सविधान, आवाधिक योजना एवं वार्षिक नीति तथा कार्यक्रमहरूले लैङ्गिक सशक्तिकरण र मूलप्रवाहिकरणको विषयलाई प्राथामिकता दिईरहेको छ । नेपालको पछिल्लो जनगणना

२०७८, अनुसार कूल जनसख्या २,९१,९२,४८० मध्ये महिलाको संख्या १,४९,०१,१६९ र पुरूषको सख्या १,४२,९१,३११ र अन्य लिङ्गीको संख्या २,९००(०.०१%) मध्ये कोशी प्रदेशमा १०.४ प्रतिशत रहेको छ । तुलनात्मक रूपमा पुरुष भन्दा महिला ६ लाखले बढी रहेको छ । यसै सन्दर्भमा कोशी प्रदेशको कूल जनसंख्या ४९,६१,४२१ रहेकोमा महिलाको संख्या ५१.३प्रतिशतरपुरूषको संख्या ४८.७ प्रतिशतरहेको छ ।

कोशी प्रदेशको प्रथम आवधिक योजना(२०७६/७७- २०८०/८१) ले लैंङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै महिला विकास सूचकांकमा सुधार गर्ने लक्ष्य लिएको छ । जसका लागि महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरण गर्ने, लैंङ्गिकतामा आधारित हिंसा न्युनीकरण गर्ने र निर्णायिक तहमा महिलाको समानुपातिक अवसरको सिर्जना गर्ने उद्देश्य रहेको छ । सोहि सन्दर्भमा, उल्लिखित लक्ष्य प्राप्तिका लागि प्रदेश सरकार गठन भएदेखि स्थापित सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक विकास महाशाखा मार्फत लैंङ्गिक सशक्तिकरण तथा मूलप्रवाहिकरणका कार्यक्रमहरू मन्त्रालय र विभिन्न कोशी प्रदेशका सबै १३७ वटै स्थानीय तहहरू मार्फत सञ्चालन हुँदै आएका छन् ।

### १) उत्कृष्ट महिला उद्यमिलाई प्रोत्साहन तथा सहयोग कार्यक्रम

कोशी प्रदेशका महिलाहरुको आर्थिक सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरुको सञ्चालनले निरन्तरता पाउँदै आएको छ ।यसै सन्दर्भमा प्रदेशका विभिन्न स्थानमा उद्यम/व्यवसाय सञ्चालन गरिरहेका उत्कृष्ट महिला उद्यमीहरुलाई थप हौसला र प्रोत्साहन गर्न नगद रकमबाट सम्मान गर्ने उद्देश्यले आ.व २०८१/८२ मा जम्मा १० जना विभिन्न क्षेत्रमा संलग्न उद्यमी व्यवसायी महिलाहरुलाई प्रति व्यक्ति रु. ६५,००० (पचास हजार) नगदसहित विराटनगरमा एक सम्मान तथा प्रोत्साहन कार्यक्रमको आयोजना गरी सम्मान गरिएको थियो ।कोशी प्रदेशका सबै जिल्ला घरेलु तथा साना उद्योग कार्यालयबाट सिफारिस भई आएकामध्ये निम्नानुसारका उत्कृष्ट उद्यमी महिला छनौटका आधारहरुका तपसिल बमोजिमका १० जना महिला उद्यमी व्यवसायीहरुलाई सम्मान गरियो ।

### उत्कृष्ट महिला उद्यमीलाई प्रोत्साहन तथा सहयोग कार्यक्रम अन्तर्गत सम्मान र प्रोत्साहन प्राप्त गर्ने महिला उद्यमी व्यवसायीहरुको विवरण

| सि.न. | उद्यमी महिलाको नाम | जिल्ला | स्थानीय तह | व्यवसायको नाम |
|---|---|---|---|---|
| १ | देव कुमारी ओली | झापा | शिवसतासी११- | मौरीपालन |
| २ | लासाङ तामाङ | इलाम | सूर्योदयन१.पा. | नमोवुद्व फूल नर्सरी |
| ३ | अमृता श्रेष्ठ | सुनसरी | इटहरी १०- | अमृत च्याउ उद्योग |
| ४ | प्रतिभा श्रेष्ठ | भोजपुर | भोजपुर न५-पा. | प्रतिक्षा कृषि तथा पशुपंक्षी फर्म |
| ५ | अम्बिता भण्डारी | मोरङ | विराटनगर४- | बराह हर्बल उद्योग |

| | | | | |
|---|---|---|---|---|
| ६ | खिना विश्वकर्मा | खोटाङ | दिक्तेल रुपाकोट मझुवागढी न१-पा. | खिना ढाका उद्योग |
| ७ | कोपिला श्रेष्ठ | ओखलढुङ्गा | चिशंखुगढी गा२-पा. | कन्चन सिलाई कटाई |
| ८ | देवि माया थापा | धनकुटा | पाख्रीवास न१०.पा. | निशा एकिकृत कृषि तथा पशुपंक्षी फर्म |
| ९ | सितला श्रेष्ठ | ताप्लेजुङ | फुङ्लिङ न४-.पा. | न्यू सौन्दर्य ब्युटी पार्लर |
| १० | कृतिमाया चेम्जोङ | पाँचथर | फाल्गिन्द ४- | चेसुङ एकिकृत पशुपन्छि तथा कृषि फार्म प्रा.लि. |

**२) पत्रकार महासंघ कोशी प्रदेश मार्फत महिला पत्रकारहरुको क्षमता विकास कार्यक्रम**

कोशी प्रदेशका १४ जिल्लाका क्रियाशिल ३५ जना महिला पत्रकारहरुलाई बिराटनगरमा नेपाल पत्रकार महासंघ कोशी प्रदेशले ५ दिने तालिम सञ्चालन गरेको थियो । पत्रकार महिलाहरुलाई पेशामा टिकाई राख्न ,विषय वस्तुमा दक्ष बनाउन र प्रोत्साहन गर्नका लागि तथा लैङ्गिक हिंसाका बिषयमा समाचार सञ्चार माध्यमहरुमा एक दमै कम आउने हुँदा उनिहरुक आवाजलाई बुलन्द पार्नेका निम्ती पनि महिला पत्रकारहरुलाई दक्ष बनाउनका लैङ्गिक हिंसा निवारण सम्बन्धी खोज पत्रकारिता तालिम सञ्चालन गरेको थियो । यस्ता तालिम प्रदान गर्दा महिला पत्रकारहरुबाट गुणस्तरिय समाचार उत्पादन हुने र महिला हिंसा न्युनीकरणमा सघाउ पुर्याउन मदत मिल्ने देखिन्छ ।

**३) राष्ट्रपति महिला उद्यमी टेवा पुंजी तथा प्रविधि सहयोग कार्यक्रम**

महिला उधमी तथा महिला उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम संचालन गर्नको लागि कार्यक्रम र बजेट सहित महिला उधमशीलता विकास, वित्तिय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ प्राप्त भएको छ सोहि कार्यविधिमा उल्लेख गरिएको आवश्यक कागजात सहित मिति २०८१/०८/२१ मा स्थानीय तहहरुको सिफारिस सहित महिला उधमी र महिला उधमी समूहहरुलाई प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा निवेदन पेश गर्नको लागि नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमार्फत सूचना प्रकाशन भएको थियो। उक्त सूचना अनुसार स्थानीय तहहरुबाट तपसिल बमोजिमका जम्मा ५ वटा महिला उधमी समूहहरु सिफारिस भई आएका छन्।

**तपसिलः**

| सि.न. | उधमी महिलाको नाम | जिल्ला | स्थानीय तह | उद्यम/फर्मको नाम | उद्यमको प्रकृति |
|---|---|---|---|---|---|
| १. | उमा कटुवाल भण्डारी | झापा | बिर्तामोड नगरपालिका | श्री सौन्दर्य ब्युटिपार्लर एण्ड ट्रेनिङ सेन्टर | व्यक्तिगत |
| २. | नविना निरौला | झापा | कमल गाँउपालिका | श्री ढकाल बहुउद्धेश्यीय कृषी फर्म | व्यक्तिगत |
| ३ | विमला केरुङ्ग | तेह्रथुम | म्याङलुङ नगरपालिका | श्री चोलुङ ढाका कपडा उधोग | व्यक्तिगत |
| ४. | भूमिकादेवी दाहाल पोखरेल | झापा | दमक नगरपालिका | श्री भूमिका सिपमूलक तालिम केन्द्र | व्यक्तिगत |
| ५. | जिना कुमारी थन्दार | सुनसरी | दुहबी नगरपालिका | श्री जिना बुटिङ्ग सेन्टर | व्यक्तिगत |

**४) स्थानीय तहको साझेदारीमा हिंसा पीडित महिलाका लागि अल्पकालीन सुरक्षित आवास गृह सञ्चालन सहयोग अनुदान**

लैङ्गिकतामा आधारित हिंसा र विभेद समृद्धिको प्रमुख बाधक हो । नेपालको संविधानले महिलाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी महिलामाथि हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई अपराध मानी दण्ड सजायको व्यवस्था सहितको हक सुनिश्चित गरेको छ । कोशी प्रदेशमा हिंसा पीडित र प्रभावित महिला एवं किशोरीहरुको संरक्षणको लागि मन्त्रालयमा सूचीकृत भएअनुसार हाल विभिन्न स्थानीय तहहरु र सामाजिक विकास संस्थाहरुद्धारा सञ्चालन भईरहेका १७ वटा अल्पकालीन आश्रय स्थलहरु रहेका छन् । यो सँगै मन्त्रालयद्धारा आ.व २०७६/७७ देखि दीर्घकालीन पुनर्स्थापना गृह समेत सञ्चालन गर्दै आईरहेको छ । विगतका वर्षहरु देखि नै अल्पकालीन आश्रय स्थलहरुसँगको समन्वयमा दीर्घकालीन पुनर्स्थापनाबाट हिंसा पीडित र प्रभावित महिला एवं किशोरीहरुलाई संरक्षण, शिक्षा, कानूनी उपचार, मनोविमर्श सेवा, सीप विकास तथा सामाजिक र पारिवारीक पुनर्स्थापनाका कार्यहरु सञ्चालन गर्दै आईरहेको छ ।यसै सन्दर्भमा,विगतका वर्षहरु झै आ.व २०८०/८१ मा पनि सम्बन्धित स्थानीय तहमार्फत रकम निकासा हुने गरी अल्पकालीन आश्रयस्थलहरुलाई वित्तीयह हस्तान्तरण मार्फत रकम विनयोजन गरिएको थियो । यसले गर्दा आश्रयस्थलको सञ्चालनमा निरन्तरता, पीडितहरुको तत्काल संरक्षण एवं दीर्घकालीन

पुनर्स्थापना गृहसँगको समन्वयमा सहयोग पुगेको आश्रय स्थलहरुसँगको अन्तर्क्रिया सहितको वार्षिक

| सि.न | संस्थाको नाम | जिल्ला | स्थानीय तह | अनुदान रकम रु. |
|---|---|---|---|---|
| १ | श्री मानव अधिकार मञ्च | इलाम | इलाम नगरपालिका | १,००,००० |
| २ | श्री संयूक्त महिला अधिकार समन्वय सञ्जाल | पाँचथर | फिदिम नगरपालिका | २,००,००० |
| ३ | श्री ओरेक नेपाल | विराटनगर | विराटनगर महानगरपालिका | २,००,००० |
| ४ | श्री मायाघर नेपाल | सुनसरी | इटहरी उपमहानगरपालिका | ५,००,००० |
| ५ | श्री महिला पुनर्स्थापना केन्द्र | धनकुटा | धनकुटा नगरपालिका | २,००,००० |
| ६ | श्री परिवर्तनशिल महिला समूह | ओखलढुङ्गा | सिद्धिचरण नगरपालिका | २,००,००० |
| ७ | श्री विकास र सचेतनाका लागि सामाजिक संस्था(सोडा नेपाल) | भोजपुर | भोजपुर नगरपालिका | २,००,००० |
| ८ | श्री ए.बी.सी नेपाल | मोरङ्ग | विराटनगर महानगरपालिका | २,००,००० |
| ९ | अल्पकालीन सुरक्षित आवास गृह | सुनसरी | इटहरी उपमहानगरपालिका | २,००,००० |
| १० | मानव अधिकारका लागि महिला एकल महिला (WHR)समूह | झापा | भद्रपुर नगरपालिका | २,००,००० |
| ११ | बराहक्षेत्र नगरपालिका सेफ हाउस | सुनसरी | बराहक्षेत्र नगरपालिका | २,००,००० |
| १२ | सुरक्षित आवास गृह | झापा | दमक नगरपालिका | २,००,००० |
| १३ | सुरक्षित आवास गृह | उदयपुर | बेलका नगरपालिका | २,००,००० |
| १४ | सुरक्षित आवास गृह | उदयपुर | कटारी नगरपालिका | २,००,००० |
| १५ | आवाज नेपाल | सुनसरी | दुहवी नगरपालिका | २,००,००० |
| १६ | सुरक्षित आवास गृह | संखुवासभा | खाँदबारी नगरपालिका | २,००,००० |
| १७ | अल्पकालीन आवास गृह | सुनसरी | इनरुवा नगरपालिका | २,००,००० |
| १८ | सुरक्षित आवास गृह | तेह्रथुम, | म्याङ्लुङ नगरपालिका | १,००,०००। |
| | | | | ३७०००००। |

समिक्षाबाट देखिन आएको छ ।

<u>**अनुदानप्राप्त गर्ने अल्पकालीन पुनर्स्थापना गृहको विवरण**</u>

**५) लैङ्गिक हिंसा निवारण कोष स्थापनाका लागि वित्तीय हस्तान्तरण गरिएका पालिकाहरु**

| सि.न | पालिकाको नाम | जिल्ला | अनुदान रकम रु. |
|---|---|---|---|
| १ | बराहक्षेत्र नगरपालिका | सुनसरी | १,०००००। |
| २ | दुहबी नगरपालिका | | १,०००००। |
| ३ | ईनरुवा नगरपालिका | | १,०००००। |

| | | | |
|---|---|---|---|
| ४ | धरान नगरपालिका | | १,००००० |
| ५ | ईटहरी उपमहानगरपालका | | १,००००० |
| ६ | बिराटनगर महानगरपालिका | मोरङ | ३,००००० |
| ७ | भद्रपुर नगरपालिका | झापा | १,००००० |
| ८ | दमक नगरपालिका | | १,००००० |
| ९ | बेलका नगरपालिका | उदयपुर | २,००००० |
| १० | त्रियुगा नगरपालिका | | २,००००० |
| ११ | चौदण्डी नगरपालिका | | २,००००० |
| १२ | कटारी नगरपालिका | | १,००००० |
| १३ | मोलुङ गाउँपालिका | ओखलढुङ्गा | २,००००० |
| १४ | मानेभञ्ज्याङ गाउँपालिका | | २५००००। |
| १५ | चिसङ्खुगढी गाँउपालिका | | २,००००० |
| १६ | शिद्धिचरण नगरपालिका | | २५००००। |
| १७ | आमचोक गाँउपलिका | भोजपुर | १,००००० |
| १८ | भोजपुर | | १,००००० |
| १९ | धनकुटा | धनकुटा | १,००००० |
| २० | म्याङलुङ नगरपालिका | तेह्रथुम | १,००००० |
| २१ | खाँदबारी नगरपालिका | संखुवासभा | १,००००० |
| २२ | ईलाम नगरपालिका | ईलाम | ५,००००० |
| २३ | पाँचथर नगरपालिका | पाँथर | १,००००० |
| २४ | फुङ्लिङ नगरपालिका | ताप्लेजुङ | १,००००० |
| | कुल जम्मा | | ३८,००००० |

## ६) स्थानीय तहको साझेदारीमा विपन्न, दलित, आदिवासी र सीमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मानिर्भर कार्यक्रम

विपन्न, दलित, जनजाती र सीमान्तकृत महिलाहरुका लागि आर्थिक सशक्तिकरण गर्नका लागि विगतका बर्षहरुझैं आ.व२०८१/०८२ मा पनि कार्यक्रमलाई निरन्तरता दिईएको थियो । १४ जिल्लाका १४ वटा स्थानीय तहमा कार्यक्रम सञ्चालन र प्रदेशस्तरीय कार्यान्वयन अभिमुखिकरण कार्यक्रमसमेत सञ्चालनका लागि विनियोजित गरिएको थियो । **विपन्न, दलित, र सीमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मानिर्भर कार्यक्रम(स्थानीय तहहरुको साझेदारीमा) मार्गदर्शन,२०८१** अनुसार कार्यक्रम सञ्चालनको लागि वित्तिय

हस्तान्तरण मार्फत तपसिलका स्थानीय तहहरुमा सम्बन्धित स्थानीय तहहरुको लागत साझेदारीमा सञ्चालन भयो ।

**स्थानीय तहहरुको साझेदारीमा विपन्न, दलित, आदिवासी र सीमान्तकृत महिलाहरुका लागि आर्थिक आत्मानिर्भर कार्यक्रम अन्तर्गत साझेदारीमा कार्यक्रम सञ्चालन गरिएका स्थानीय तहहरुको विवरण**

| क्र.सं. | जिल्ला | स्थानीय | तालिम | तालिमसञ्चालन (.रू) | विउँपूँजीअनुदान (रु) | स्थानीय तहलाइ अनुगमन (रु) | स्थानीय तहको | समुहको |
|---|---|---|---|---|---|---|---|---|
| १. | झापा | गौरादह नगरपालिका | पसुपालन , बेसिक ब्युटीपार्लर , सिलाईकटाई | १,८०,००० | ५,००००। | २०,००० | ---------- | १२५,००० |
| २. | धनकुटा | पाख्रिवास नगरपालिका | पशुपालन तालिम | १,८०,००० | ५,००००। | २०,००० | २५०,००० | १२५,००० |
| ३. | ईलाम | सन्दकपुर गाएपालिका | कृषी र पशुपालन तालिम | १,८०,००० | ५,००००। | २०,००० | १५०,००० | १२५००० |
| ४. | भोजपुर | आमचोक गाँउपालिका | माछा पालन | १,८०,००० | ५,००००। | २०,००० | ३०००००। | १५०००० |
| ५. | सुनसरी | दुहबी नगरपालिका | बाखापालन तालिम | १,८०,००० | ५,००००। | २०,००० | आ.ब.८२८३ मा दिने | १२५,००० |
| ६. | मोरङ | उर्लाबारी नगरपालिका | सेनिटरी प्याड बनाउने तालिम | १,८०,००० | ५,००००। | २०,००० | पालिकाबाट प्याड बनाउने मेसिन दिएको | १२५,००० |
| ७. | सोलुखुम्बु | नेचासल्यान गाउँपालिका | कार्यक्रम नगरेको | १,८०,००० | ५,००००। | २०,००० | | |
| ८. | खोटाङ | रावावेशी गाँउपालिका | कार्यक्रम नगरेको | १,८०,००० | ५,००००। | २०,००० | | |
| ९. | तेह्रथुम | फेदाप गाउँपालिका | बेमौसमी तरकारी खेती तालिम | १,८०,००० | ५,००००। | २०,००० | १०५००० | १२५००० |
| १०. | संखुवासभा | पाँचखपन नगरपालिका | अलैची खेती तालिम | १,८०,००० | ५,००००। | २०,००० | १५०,००० | १२५००० |
| ११ | पाँचथर | हिलिहाङ्ग गाँउपालिका | बाखपालन तालिम | १,८०,००० | ५,००००। | २०,००० | १५०,००० | १२५००० |
| १२. | ताप्लेजुङ | सिररीजंगा गाउँपालिका | अलैची खेती तालिम | १,८०,००० | ५,००००। | २०,००० | १५०००० | १२५००० |
| १३. | उदयपुर | उदयपुरगढी गाँउपालिका | अचार उत्पादन तालिम | १,८०,००० | ५,००००। | २०,००० | ५,००००० | ११०००० |
| १४ | ओखलढुङ्गा | चिसङ्खुगढी गाँउपालिका | मौरीपालन | १,८०,००० | ५,००००। | २०,००० | १५०,००० | १२५००० |
| | कूल जम्मा रु. | | | | | | | |

## ७) स्थानीय तहको साझेदारिमा सन्थाल आदिवासी महिलाहरुको सिप विकास तथा सशक्तिकरण कार्यक्रम

| क्र.सं. | जिल्ला | स्थानीय तह | तालिम | तालिमसञ्चालन (.रू) | सहभागि संख्या | तालिम अवधी |
|---|---|---|---|---|---|---|
| १. | मोरङ | रंगेली नगरपालिका | मन्टेश्वरी तालिम | ५,०००००। | २० जना | ३ महिना |
| २. | झापा | गौररीगञ्ज गाँउपालिका | ब्युटीपार्लर तालिम | ६,२५०००। | २० जना | ३ महिना |
| ३. | झापा | बाह्रदशी गाउँपालिका | सिलाईकटाई तालिम | ८४९१३१.७० | ३७ जना | ३ महिना |
| ४ | झापा | झापा गाउँपालिका | सिलाईकटाई र बुटिक भर्ने तालिम | ६१९३५३ | २१ जना | ६५ दिने |
| | **कूल जम्मा रु.** | | | | | |

## ८) नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश, महिला उधम विकास समितिलाई उधमी महिलाको स्थानीय उत्पादनको प्रवर्द्धन कार्यक्रम सञ्चालन अनुदान

नेपालमा घरेलु तथा साना उधोगहरुको संख्या बढ्दै गएको र यस्ता घरेलु तथा साना उधोगहरुमा महिला हरुको बढी संलग्नता भएको देखिन्छ ।प्रदेश घरेलु तथा साना उधोगहरुमा क्रियाशिल महिला उधमी व्यवसायीहरु द्धारा उत्पादन भएका सामानहरुको प्रदर्शन , बजारीकरण र सञ्चालिकरणमा सहयोग पुर्याउने उद्देश्यले नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेश , महिला उधम विकास समितिलाई यस मन्त्रालयबाट रु ५,००,०००।अनुदान रकम उपलब्ध गराएको थियो र उक्त रकमबाट कोहशी प्रदेश स्तरिय ढाँका उमोत्सव कार्यक्रम सञ्चालन गरिएको थियो जसमा १४ जिल्लाबाट प्रदेश घरेलु तथा साना उधोगहरुमा क्रियाशिल महिला उधमी व्यवसायीहरु द्धारा उत्पादन गरिएका ढाका कपडाको प्रदर्शनी गरिएको थियो ।

## ९) प्रदेश सामाजिक समावेशीकरण नीति कार्यान्वयन तथा अनुगमन समिति, प्रदेश लैङ्गिक समानता नीतिगत समन्वय समिति प्रदेश लैङ्गिक समानता नीतिगत कार्यान्वयन समन्वय समिति बैठक सञ्चालन, प्रदेश सामाजिक समावेशीकरण नीति निर्देशक समितिबैठक सञ्चालन भएको

कोशी प्रदेश सामाजिक समावेशीकरण नीति २०७९ बमोजिमको प्रदेश सामाजिक समावेशीकरण नीति कार्यान्वयन तथा अनुगमन समिति, प्रदेश लैङ्गिक समानता नीतिगत समन्वय समिति प्रदेश लैङ्गिक समानता नीतिगत कार्यान्वयन समन्वय समिति बैठक सञ्चालन ,प्रदेश सामाजिक समावेशीकरण नीति निर्देशक समिति

को बैठक बसी महत्वपुर्ण विषयमा छलफल तथा निर्णय गरिएको थियो। बैठकमा प्रदेश सरकारद्वारा जारी गरिएको कोशी प्रदेश सामाजिक समावेशीकरण नीति, २०७९ का सम्बन्धमा समिति समक्ष विस्तृत जानकारी भयो।आगामी आ.व. २०८२/८३ को वार्षिक बजेट तथा योजना तर्जुमा गर्दा सबै मन्त्रालय तथा निकायका योजनामा लैङ्गिक सामाजिक समावेशीकरण नीति कार्यान्वयन सँग सम्बन्धित विषयलाई समावेश गर्ने जस्ता निर्णयहरु भएको थियो ।

**१०) विभिन्न दिवशिय कार्यक्रमहरुः**

महिला हक अधिकारसँग सम्बन्धित र प्रदेश सकारको निर्देशन र निर्णय बमोजिमका राष्ट्रिय अन्तराष्ट्रिय दिवसहरु सरोकारवालाहरुसंग मिलेर मनाईएको हो।

- मानव वेचविखन विरुद्धको राष्ट्रिय दिवश भदौ २०
- लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान नोभेम्वर २५ देखी डिसेम्बर १० सम्म
- अन्तराष्ट्रिय महिला दिवश मार्च ८
- राष्ट्रिय महिला अधिकार दिवश जेठ १६
- सामाजिक सेवा दिवश असोज ६
- जातिय छुवाछुत विरुद्धको दिवस
- प्रदेश सकारबाट निर्णय / निर्देशन भएका अन्य दिवशहरु

## लैंङ्गिक मूलप्रवाहिकरण तथा सशक्तिकरण शाखा र सामाजिक न्याय तथा संघसंस्था समन्वय शाखा

### क. अपाङ्गता व्यवस्थापन तथा सशक्तिकरण कार्यक्रम

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको संरक्षण गर्न र उनीहरूलाई मानव अधिकारको उपयोग सुनिश्चित गर्ने प्रतिवद्धतासहित अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धीको पक्ष राष्ट्र बनेको हो। नेपालको संविधानमा अपाङ्गताको आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न, सेवा, सुविधा, र अवसरबाट बञ्चित गर्न नपाइने र अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशिताको सिद्धान्तको आधारमा राज्यका हरेक संरचनामा सहभागिता र प्रतिनिधित्वको अधिकार सुनिश्चित गर्नुपर्ने प्रावधान सुनिश्चित गरेको छ।संविधानले अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्ति सरह सबै सेवा सुविधा र अवसरहरूमा समान रूपमा पहुँच सुनिश्चित गर्न र निर्णय प्रकृयामा उनिहरूको सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्न स्थानीय सरकारलाई जिम्मेवारी दिएको छ।

यसका साथै अपाङ्गता भएका व्यक्तिहरूका हक अधिकारलाई सुनिश्चित गर्ने प्रतिवद्धता सहित अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ जारी गरेको छ। अपाङ्गता भएका व्यक्तिहरूको शिक्षाको लागि समावेशी शिक्षा नीति, २०७३, सार्वजनिक संरचना, सेवा प्रणाली, यातायात सेवा र सूचना तथा संचार सेवा अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त र सहज बनाउन निर्देशिका र प्राविधिक मापदण्ड सहितको “अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त भौतिक संरचना एबम् संचार सेवा निर्देशिका २०६९” लागू गरेको छ।

कोशी प्रदेश सरकार अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई व्यवस्थित एवं संस्थागत गर्न प्रयासरत छ। यसै परिपेक्ष्यलाई मध्यनजर गर्दै अपाङ्गता सम्बन्धी विभिन्न लक्षित कार्यक्रमहरू गर्न अपाङ्गताको क्षेत्रमा कार्यरत संस्थाहरूलाई अनुदान सहयोग, अपाङ्गता पुनर्स्थापना तथा रोकथाम कार्यक्रम,सांकेतिक भाषा समाचार प्रसारण, दिवसीय कार्यक्रम लगायतका प्रमुख कार्यक्रम मन्त्रालयले सञ्चालन गरेको छ। अपाङ्गता भएका व्यक्तिको समग्र सवालहरूलाई हेर्न सामाजिक विकास मन्त्रालय अन्तर्गत सामाजिक न्याय तथा संघ संस्था समन्वय शाखाको व्यवस्था गरिएको छ भने मन्त्रालयद्वारा प्रदान गरिने सेवामा अपाङ्गता भएका व्यक्तिहरुको सरल र सहज पहुँचका लागि दोभाषेको व्यवस्था सहित अपाङ्गता सहायता कक्ष सञ्चलनमा छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को कार्यान्वयनको लागि प्रदेश स्तरीय अपाङ्गता समन्वय समिति समेत गठन गरिएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार यस प्रदेशको कुल जनसंख्यामध्ये अपाङ्गता भएको जनसंख्या २.४ प्रतिशत रहेको छ। आ.व. २०८१।८२ मा प्रदेश स्तरमा मन्त्रालयबाट देहायको कार्यक्रमहरु कार्यान्वयन गरिएका छन्;-

**१. स्थानीय तहहरुसंगको साझेदारीमा बौद्धिक अपाङ्गता तथा अटिजम भएका बालबालिकाका लागि संस्थागत अनुदानः**

बौद्विक तथा अटिज्म सम्बन्धी अपाङ्गता भएका बालबालिकाहरुको संरक्षण, पुनःस्थापना तथा व्यवस्थापन गर्ने बालगृहहरु तथा दिवा सेवाकेन्द्रलाई अनुदान प्रदान गर्न प्रचलित कानून बमोजिम दर्ता भई मापदण्ड अनुसार सञ्चालनमा रहेका तथा मन्त्रालयमा सूचिकृत भएका तपसिलका बालगृहहरु तथा दिवा सेवा केन्द्रलाई बालबालिकाको संख्या र सेवाको गुणस्तरका आधारमा निम्नानुसारको सहयोग स्थानीय तहमा वित्तीय हस्तान्तरण गरी प्रदान गरियो ।

**तपसिलः**

| क सं | संस्थाको नाम | जिल्ला | स्थानीय तह | अनुदान रकम रु. |
|---|---|---|---|---|
| १ | श्री समाजसेवा सुधार युवा संघ | झापा | मेचीनगर न.पा. | ३,००,००० |
| २ | श्री अटिज्म केयर सोसाईटी | झापा | दमक न.पा. | १,००,००० (दिवा सेवा) |
| ३ | श्री अटिज्म केयर सोसाईटी | मोरङ्ग | विराटनगर महानगरपालिका | १,००,००० (दिवा सेवा) |
| ४ | श्री सुस्त मनस्थिति सरोकार समाज | झापा | कन्काई नगरपालिका | ३,००,०००(आवसीय |
| ५ | पुकार अशक्त समाज झापा | झापा | कन्काई नगरपालिका | २,००,०००(आवसीय |
| | **जम्मा** | | | १००००० |

### २. अपाङ्गता सम्बन्धी विभिन्न दिवसीय कार्यक्रमः

राष्ट्रिय अपाङ्ग महासंघ कोशी प्रदेश समितिको संयोजन तथा व्यवस्थापनमा अन्तर्राष्ट्रिय अपाङ्गता दिवस डिसेम्बर ३ तथा अन्य विषयगत अपाङ्गता दिवस मनाउने सन्दर्भमा विभिन्न सरोकारवाला निकाय तथा संघ संस्थाको सहभागिता अपाङ्गता सम्बन्धी विभिन्न दिवसीय कार्यक्रम सम्पन्न गरियो।

### ३. NTV इटहरी मार्फत सांकेतिक भाषा समाचार प्रसारणः

नेपालको संविधानले अपाङ्गगता भएका व्यक्तिरुले समाजमा मर्यादित र आत्मसम्मानपुर्वक जीवनयापन गर्न सम्मानजनक र सार्वजनिक सेवा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ। बहिरा अपाङ्गता भएका व्यक्तिहरुको सूचनाको हकलाई सुनिश्चित गर्न टेलिभिजनवाट प्रशारण हुने समाचारमा कोशी प्रदेशमा रहेका बहिरा अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँच स्थापित गर्ने प्रयोजनका लागि यो कार्यक्रम सञ्चालन गरिएको हो। यस कार्यक्रममा G to G बिधिबाट NTV इटहरी (HD) को प्राईम टाईम बेलुकि ७.०० बजेको समाचारमा दोभाषेको अनुवाद सहितको समाचार प्रसारणका लागि सम्झौता गरि कार्यक्रम सञ्चालन गरियो। टेलिभिजनबाट प्रसारीत समाचारमा कोशी प्रदेशमा सांकेतिक भाषामा सञ्चार गर्न सक्ने बहिरा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच स्थापित भएको देखिन्छ।

## ४. राष्ट्रिय अपाङ्ग महासंघ कोशीप्रदेश समितिमार्फत दोभाषेको व्यवस्था सहित अपाङ्गता सहायता कक्षको निरन्तरता तथा अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकासका लागि तालिम सञ्चालन अनुदान

अपाङ्गता भएका व्यक्तिहरुको सूचनामा पहुँच, सरकारबाट प्रवाह गरिने सेवा सुविधाको जानकारी एवं पहुँच तथा अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक अद्यावधिक गर्न सहायता कक्ष स्थापना तथा सञ्चालन गरिएको हो। अपाङ्गता भएका व्यक्तिहरुलाई दोभाषेको सेवा सहितको परामर्श, मनोसामाजिक परामर्श, सूचना प्रवाह समन्वय तथा सजीकरणका सेवा प्रवाह गरी मन्त्रालयको परिसरमा दोभाषेको व्यवस्था सहित अपाङ्गता सहायता कक्ष सञ्चालनमा रहेको छ। सोका लागि राष्ट्रिय अपाङ्ग महासघं, कोशी प्रदेश समितिमार्फत एक जना सम्पर्क व्यक्तिको व्यवस्था गरी सेवा प्रवाह गर्ने व्यवस्था गरिएको छ। प्रदेशभरका अपाङ्गता भएका व्यक्तिहरुको विवरण अद्यावधिक गरी वार्षिक प्रतिवेदन तयारी र स्थानीय तह र सरोकारवाला निकायसँग नियमित समन्वय र सहकार्यमा यस कार्यक्रम उपयोगी भयो।

## ५.अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम

राज्यको पुनर्संरचना भई नेपालको संविधानले परिकल्पना गरेको संघ ,प्रदेश रस्थानीय तह गरी तीन तहको राज्य संरचनाको गठन भइसकेपश्चात तीनैवटा सरकारको कार्यक्षेत्र भित्र अपाङ्गता सम्बन्धी विषयवस्तु पर्ने भएकाले प्रदेश तथा स्थानीय स्तरमा समेत अपाङ्गता सम्बन्धी विभिन्न नीति तथा कानूनहरू निर्माण भई कार्यान्वयन भइरहेका छन् । अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको उपयोग गर्नका लागि जारी गरिएको कोशी प्रदेश सरकार, स्थानीय तहहरु र करुणा फाउण्डेसन नेपालको त्रीपक्षीय लागत साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालनमा रहेको छ। १३७ बटै स्थानीय तहका अपाङ्गता भएका व्यक्ति प्रत्येकको घरदैलोमा पुगेर सेवा प्रवाह भईरहेको छ।

अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम मातृशिशु एवं बाल स्वास्थ्य प्रवर्द्धन गरी जन्मजात तथा जन्म पश्चात हुने अपाङ्गता न्यूनीकरण गर्दै अपाङ्गता भएका व्यक्तिहरू सहितको समावेशी समाजको निर्माण गर्ने लक्ष्य लिएर प्रदेश सरकार, स्थानीय तह तथा साझेदार संस्थाकरूणा फाउण्डेसन नेपालबीचको त्रिपक्षीय लागत साझेदारी तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्राविधिक सहयोगमा स्थानीय तहमार्फत यो कार्यक्रम कार्यान्वयन भईरहेको छ। प्रदेश सरकार, स्थानीय तहहरू र करूणा फाउण्डेसन नेपालको त्रीपक्षिय साझेदारीमा आ.व.२०७६/०७७ देखि प्रदेशका सबै

स्थानीय तहहरुमा कार्यक्रम विस्तार गर्ने उद्धेश्य सहित आ.व.२०८१।८२ मा कोशी प्रदेशका सबै स्थानीय तहमा लागत साझेदारी सहित कार्यक्रमको विस्तार भएको छ ।

**६. सहयोगापेक्षी सडक मानव उद्वार, पुनःस्थापना, उपचार तथा पुनर्मिलनका लागि मानव सेवा आश्रम विराटनगरलाई अनुदानः**

नेपालको संविधानमा अपाङ्गताको आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न, सेवा, सुविधा, र अवसरबाट बञ्चित गर्न नपाइने र अपाङ्गता भएका व्यक्तिहरूलाई समावेशिताको सिद्धान्तको आधारमा राज्यका हरेक संरचनामा सहभागिता र प्रतिनिधित्वको अधिकार सुनिश्चित गर्नुपर्ने प्रावधान सुनिश्चित गरिएको छ ।संविधानले अपाङ्गता भएका व्यक्तिहरूको अन्य व्यक्ति सरह सबै सेवा सुविधा र अवसरहरूमा समान रूपमा पहुँच, निर्णय प्रकृयामा सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्न स्थानीय सरकारलाई जिम्मेवारी दिएको छ।यसका साथै अपाङ्गता भएका व्यक्तिहरूका हक अधिकारहरुको सुनिश्चितताका लागि यिनै पक्षहरुको कार्यान्वयनको जिम्मेवारी तिनै तहका सरकारको भएको हुनाले कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई व्यवस्थित एवं संस्थागत गर्न स्थानीय तहमा वित्त हस्तान्तरण मार्फत कार्यक्रम कार्यान्वयन गरिएको छ।

**७. सांकेतिक भाषा संकलन तथा परिमार्जनका लागि राष्ट्रिय बहिरा महासंघ कोशी प्रदेशलाई अनुदानः**

बहिरा अपाङ्गता भएका व्यक्तिहरुलाई सञ्चारमा सहजीकरण गर्न, समय समयमा सांकेतिक भाषाका नँया शब्दहरुको प्रयोग गर्नका लागि कोशी बहिरा महासंघ, कोशी प्रदेशलाई विराटनगर महानगरपालिकामा वित्तिय हस्तान्तरण मार्फत कार्यक्रम कार्यान्वयन गरिएको छ।

**८. मष्तिष्क पक्षघात सि.पि. दिवा सेवा स्याहार केन्द्र विराटनगर मोरङ्ग व्यवस्थापन तथा सञ्चालन अनुदानः**

आदर्श मा.वि. विराटनगरको प्राङ्गणमा सञ्चालित मष्तिष्क पक्षघात (सि.पी) भएका बालबालिकाको दिवा सेवाको कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न मष्तिष्क पक्षघात सि.पि. दिवा सेवा स्याहार केन्द्र विराटनगर मोरङ्गलाई व्यवस्थापन तथा सञ्चालन अनुदान रु पाँच लाख विराटनगर महानगरपालिकामा वित्त हस्तान्तरण मार्फत कार्यक्रम कार्यान्वयन गरिएको छ।

### ९. अपाङ्गता ग्राम खगेन्द्र नवजीवन केन्द्र भद्रपुर, झापालाई सञ्चालन अनुदानः

अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारहरुको सुनिश्चितताका लागि तिनै तहका सरकारको उत्तिकै जिम्मेवारी हुने सन्दर्भमा कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई व्यवस्थित एवं संस्थागत गर्न खगेन्द्र नवजिवन केन्द्र, भद्रपुर नगरपालिकामा (रु दश लाख) वित्त हस्तन्तरण मार्फत कार्यक्रम कार्यान्वयन गरिएको छ।

## ख. बालअधिकार तथा सामाजिक न्याय कार्यक्रम

बालबलिकालाई भविष्यका कर्णधार र वर्तमानका साझेदारको रूपमा लिइन्छ। सयुंक्त राष्ट्रसंघले २० नोभेम्बर,१९८९ मा बालअधिकार महासन्धि पारित गरी बालबालिकालाई मौलिक आधारभूत हेरचाह, सरंक्षण, शिक्षा लगायत सेवा सुविधा प्रदान गर्ने दायित्व बाबुआमा, वयस्क अभिभावक, परिवार वा समुदाय रराष्ट्रले लिनुपर्ने आवश्यकता प्रति विश्वलाई नै ध्यानाकर्षण गरायो । नेपालले उक्त महासन्धि सन् १९९० सेप्टेम्बर १४ का दिन अनुमोदन गरी पक्षराष्ट्र बन्दै बालअधिकार प्रवर्द्धनको क्षेत्रमा पाइला सार्यो। यस लगत्तै बालबालिका सम्बन्धी ऐन, २०४८ र नियमावली, २०५१कार्यान्वयनमा आए । नेपालको संविधानले बालअधिकारलाई मौलिक हककारूपमा प्रत्याभूति गरेको र बालबालिकाको सर्वोत्तम हितलाई राज्यको नीतिका रूपमा मान्यता दिएको छ । सविधानले बालअधिकारको क्षेत्रमा बालबचाउ, बालसरंक्षण, बाल विकास र बाल सहभागिताका चार आयामहरूको व्यवस्था गरेको छ । यसै परिपेक्षमा कोशी प्रदेशले समेत बालबालिकाको क्षेत्रमा विभिन्न नीति, योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा ल्याइसकेको छ ।

### १.स्थानीय तहको साझेदारीमा बाल कल्याण गृहमा आश्रित बालबालिकाका लागि संस्थागत अनुदानः

विभिन्न कारणले परिवार वा अभिभावक गुमाएका वा परिवारको संरक्षणबाट बाहिर रहेका बालबालिकाहरुलाई आश्रय दिने बालकल्याण गृहहरुलाई संस्थागत अनुदान उपलब्ध गराउने प्रयोजनका लागि यो कार्यक्रम कार्यान्वयन गरिएको हो। बालगृहमा रहेका बालबालिकाहरूको खाद्यान्न,शैक्षिक तथा स्वास्थ्य उपचारमा लागि बालगृह सञ्चालन गर्ने संस्थालाई अनुदान सहयोग प्रदान गरिएको हो। प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका र यस मन्त्रालयमा

सुचिकृत भएका तपसिलका बालगृहहरुलाई निम्नानुसारको अनुदान रकम स्थानीय तहमा वित्तीय हस्तान्तरण गरी प्रदान गरियो।

<u>तपसिलः</u>

| क्र.सं. | बालगृह सञ्चालन गर्ने संस्थाको नाम | ठेगाना | स्थानीय तह | अनुदान रकम रु |
|---|---|---|---|---|
| १ | श्री पूर्वाञ्चल बालसेवा आश्रम | विराटनगर, मोरङ्ग | विराटनगर महानगरपालिका | ३,५०,००० |
| २ | श्री महिला विकास तथा बालबालिका चेतना केन्द्र | उर्लावारी-७, मोरङ्ग | उर्लावारीनगरपालिका | ३,५०,००० |
| ३ | श्री निःसहाय बालबालिका सेवा आश्रम | ईटहरी, सुनसरी | ईटहरीउप-महानगरपालिका | २,००,००० |
| ४ | श्री दमक बाल बृद्धाश्रम झापा | दमक, झापा | दमक नगरपालिका | ५,००,००० |
| ५ | श्री बन्दी सहायता नेपाल | अर्जुनधारा ११, झापा | अर्जुनधारा नगरपालिका | ३,००,००० |
| ७ | श्री सरस्वती बालआश्रम | धरान ३, सुनसरी | धरान उप-महानगरपालिका | २,००,००० |
| ८ | श्री तारा नमस्ते बालग्राम | विर्तामोड ४ झापा | विर्तामोड नगरपालिका | २,००,००० |
| ९ | श्री स्वबोध साधना केन्द्र (बालआश्रम) | मेचीनगर ९ झापा | मेचीनगर नगरपालिका | १,००,००० |
| १० | श्री मकालु त्रिशक्ति समुह, नेपाल | संखुवासभा | खाँदवारीनगरपालिका | १,००,००० |
| ११ | श्री राहसल बाल अनाथालय घेरावारा | ईलाम | ईलाम नगरपालिका | ६००,००० |

### ३.बालबालिका संग सम्बन्धित दिवसीय कार्यक्रमः

बालबालिकाहरुको हक अधिकार संरक्षणका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा घोषणा गरिएका दिवसीय कार्यक्रम मार्फत सचेतना अभिवृद्धि गर्नका लागि बालबालिकासंग सम्बन्धित विभिन्न संघ संस्थासंगको सहकार्यमा बालदिवस कार्यक्रम सम्पन्न गरियो।

### ४.बालअधिकार समितिको गठन तथा पदाधिकारी वैठक सञ्चालन

बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६० (१) तथा कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७ को दफा १२ (१) को व्यवस्था बमोजिम प्रदेश बाल अधिकार समिति गठन भएको थियो। बाल अधिकार संरक्षणका विषयमा, नीतिगत विषयमा छलफल गरी अनुदमनलाई जोड दिने निष्कर्ष सहित समितिको बैठक सम्पन्न गरियो

## ग. ज्येष्ठ नागरिक प्रवर्धन तथा संरक्षण कार्यक्रम

ज्येष्ठ नागरिकको हकहित प्रवर्धन सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, नेपालको संविधान र सो अनुसार बनेका कानूनहरूले ज्येष्ठ नागरिकलाई प्रत्याभूत गरेका हक अधिकार र सेवा सुविधाहरूको कार्यान्वयन र उपलब्धताको सुनिश्चितता गर्नु सरकारको दायित्व हो । भौतिक पूर्वाधारहरूबाट उपलब्ध सुविधाहरू, सुव्यवस्था सेवाको क्षेत्रमा भएको प्रविधिलगायत समग्र विकासले उपलब्ध गराएको गुणस्तरीय स्वास्थ्य सेवा, पौष्टिक खानपिन जस्ता विविधिकरणको फलस्वरूप अन्तर्राष्ट्रियस्तरमा नै मानिसको औसत आयुमा वृद्धि भएसँगै ज्येष्ठ नागरिकहरूको सङ्ख्या पनि स्वाभाविकरूपमा दिनानुदिन वृद्धि भइरहको छ। विश्व परिवेशमा भएको आर्थिक विकास, भौतिक पूर्वाधार, सचूना प्रविधिको तीव्र विकास र विश्वव्यापिकरणको असर सबै, समाज, परिवार र व्यक्तिमा समत पर्न गएको छ, जसको कारण जीवनशैली व्यस्त र प्रतिस्पर्धी बन्दै गएको छ ज्येष्ठ नागरिकलाई सुरक्षित र सम्मानित तुल्याउने वातावरण सृजना गर्नु सरकारको दायित्व हो । संविधानले ज्येष्ठ नागरिकको लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रत्याभूति गरेको छ।त्यसैगरी ज्येष्ठ नागरिक सम्बन्धी ऐन, नियमावली तथा राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा छन्। यस प्रदेशमा ज्येष्ठ नागरिकको संख्या ५ लाख ५६ हजार ४ सय ६४ ( प्रदेशको ११.२२%) रहेको छ। यिनै परिवेशमा रहेर सामाजिक विकास मन्त्रालयका नीति, कार्यक्रम र बजेट ज्येष्ठ नागरिक केन्द्रित रहेका छन्।उल्लिखित सन्दर्भलाई मन्त्रालयले आ.व.२०८१।८२ मा निम्नानुसारका कार्यक्रममार्फत ज्येष्ठ नागरिकका सवाललाई सम्बोधन गर्ने प्रयास गरिएको छ।

**१.स्थानीय तहहरुको साझेदारीमा बृद्धाश्रमहरुको सुदृढिकरण तथा व्यवस्थापन सहयोग कार्यक्रमः**

प्रचलित कानून बमोजिम दर्ता भइ यस मन्त्रालयमा सुचिकृत भएका वृद्धाश्रमहरुलाई आश्रित ज्येष्ठ नागरिकहरुको संख्या र आवश्यकताका आधारमा अध्यावधिक गरी तपसिल बमोजिमका वृद्धाश्रमहरुलाई सम्बन्धित स्थानीय तहमा वित्तिय हस्तान्तरण मार्फत अनुदान प्रदान गरिएको छ।

**तपसिलः**

| **क सं** | **बृद्धाश्रमको नाम** | **जिल्ला** | **स्थानीय तह** | **अनुदान रकम रू.** |
|---|---|---|---|---|
| १ | श्री सिद्धपोखरी सेवासदन | पाँचथर | फिदिम न.पा | २,००,००० |
| २ | श्री माई भगवती वृद्धाश्रम | ईलाम | ईलाम न.पा | २,००,००० |
| ३ | श्री परोपकार तथा अनुसन्धान केन्द्र (बृद्धाश्रम) | झापा | विर्तामोड न.पा | २,००,००० |
| ४ | श्री विराटेश्वर बृद्धाश्रम सेवासमिति | मोरङ | विराटनगर महानगरपालिका | २,००,००० |
| ५ | श्री महिला जागृती बृद्धाआश्रम | मोरङ | बुढीगंगा गाउँपालिका | २,००,००० |
| ६ | श्रीरामजानकी शान्तिबृद्धाश्रम | सुनसरी | ईटहरीउप महानगरपालिका | २,००,००० |
| ७ | श्री विश्रान्ति मन्दिर(बृद्धाश्रम) | धनकुटा | धनकुटा न.पा | २,००,००० |
| ८ | श्री मनकामना सन्यास आश्रम | संखुवासभा | खाँदवारी न.पा | २,००,००० |
| | **जम्मा** | | | **१६,००,०००** |

१. **ज्येष्ठ नागरिक र अल्जाइमर्स दिवसः**

ज्येष्ठ नागरिकहरुको हक अधिकारको प्रचारप्रसार तथा संरक्षण र प्रवर्धन गर्नका लागि विभिन्न खालका सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेकोले अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवस (अक्टोवर १) संयुक्त रुपमा मनाईएको । प्रदेशमा रहेका प्रदेश स्तरीय ज्येष्ठ नागरिक संघ संस्थामार्फत दिवसीय कार्यक्रम सञ्चालन गरियो ।

२. **राष्ट्रसेवक ज्येष्ठ नागरिक समाज विराटनगर लाई सञ्चालन तथा व्यवस्थापन अनुदान ९-**

समाज परिवर्तन र ज्ञान हस्तान्तरणमा उल्लेखित भूमिका निर्वाह गरेका विराटनगर महानगरपालिका वडा नं. ९ मा रहेको श्री राष्ट्रसेवक ज्येष्ठ नागरिक समाज विराटनगरलाई आ.व. २०८१/८२ मा सञ्चालन तथा व्यवस्थापनका लागि रु पाँच लाख अनुदान स्वरुप उपलब्ध गराइएको छ।

**संस्कृति तथा पुरातत्व महाशाखा**

- **परम्परागत धर्म संस्कृति, विभिन्न जातजातिहरूको साँस्कृतिक पक्षको संरक्षण र प्रवर्द्धनका लागि प्रस्तावमा आधारित अनुदानबाट सम्पन्न कार्यक्रमहरू**

| क स | संस्थाको नाम | स्थानीय तह | जिल्ला | कार्यक्रम |
|---|---|---|---|---|
| १ | देउमाई रूपान्तरणका लागि महिला | देउमाई नपा ४ | इलाम | महिलालाई नौमती बाजा प्रवर्द्धन कार्यक्रम |
| २ | चेतना आमा समूह | इलाम ९ | इलाम | संस्कृति संरक्षण |
| ३ | दिक्तेल वजार सामाजिक गुठी | दिक्तेल रुपाकोट मझुवागढी नपा १ | खोटाङ | संस्कार संस्कृति संरक्षण |
| ४ | सालबारी महिला नौमती बाजा संस्था | अर्जुनधारा ११ | झापा | नौमती वाजा खरिद र प्रशिक्षण |
| ५ | दलित सचेतना समाज | म्याङलुङ | तेह्रथुम | बृहत साँसकृतिक कार्यक्रम प्रदर्शन |
| ६ | किरात लिम्वुवान एकता संघ | केरावारी १० | मोरङ | लिम्बुहरूको ढोल नाच प्रशिक्षण |
| ७ | राष्ट्रिय विभूति महागुरु फाल्गुनन्द ब्यवस्थापन तथा संरक्षण समिति | केरावारी-३ | मोरङ | वेद मुन्धुम तालिम |
| ८ | थारू को आवाज | ग्रामथान ६ | मोरङ | थारू संस्कृतिको डकुमेन्ट्री निर्माण |
| ९ | परमार्थ सिघिया आरती सेवा | विराटनगर १ | मोरङ | संस्कृति संरक्षण |
| १० | नेवा: देय दबू बाहुनी (दोलखा भिमसेन मन्दिर) | वेलवारी ७ | मोरङ | संस्कृति संरक्षण सम्वन्धी कार्यक्रम |
| ११ | अप्पन विराटनगर परोपकार समाज | विराटनगर-१४ | मोरङ | जनचेतना मुलक कार्यक्रम |
| १२ | वोधिजागृत महिला संस्था | चैनपुर नपा | सखुवासभा | च्याब्रुङ वाजा प्रशिक्षण |
| १३ | वातावरण तथा जिवजन्तु संरक्षण समाज | कोशी गापा-३ | सुनसरी | संस्कृति संरक्षण सम्वन्धि कार्यक्रम |
| १४ | नेवा संस्कृति उत्थान मञ्च | धरान उपमहानगरपालिका १० | सुनसरी | मौलिक जातीय लोक साँस्कृतिक कार्यक्रम |

- **स्मृति प्रतिष्ठान, प्रतिष्ठान, फाउण्डेशन, अध्ययन तथा अनुसन्धान केन्द्रहरूलाई अनुदानबाट सम्पन्न कार्यक्रमरू**

| क्र.सं. | स्मृति प्रतिष्ठान, प्रतिष्ठान, फाउण्डेशन, अध्ययन तथा अनुसन्धान केन्द्रको नाम | स्थानीय तह | जिल्ला | कार्यक्रम |
|---|---|---|---|---|
| १ | रत्न वम स्मति प्रतिष्ठान | इलाम नपा -७ | इलाम | स्मति ग्रन्थ प्रकाशन |
| २ | सभास चन्द्र नेम्वाङ स्मति प्रतिष्ठान | इलाम नपा | इलाम | ग्रन्थ प्रकाशन |
| ३ | मदन भण्डारी फाउण्डेसन | त्रि न पा-११ | उदयपर | गोष्ठी सञ्चालन |
| ४ | गणतान्त्रिक शहीद स्मृति प्रतिष्ठान, | चौदण्डीगढी-४ | उदयपुर | प्रतिष्ठान ब्यवस्थापन |
| ५ | स्व. डा. रणशेर राई स्मृति प्रतिष्ठान | त्रि न पा-१० | उदयपुर | प्रतिस्ठानको ब्यवस्थापन |
| ६ | रैथाने ज्ञान अनुसन्धान केन्द्र | हलेसी तुवाचुङ | खोटाङ | अनुसन्धान |
| ७ | गिरिजा प्रसाद कोइराला स्मृति प्रतिष्ठान | मेचिनगर-१० | झापा | प्रतिष्ठान ब्यवस्थापन |
| ८ | विशेश्वर प्रसाद कोइराला स्मृति प्रतिष्ठान | भद्रपुर नगरपालिका - | झापा | प्रतिष्ठान ब्यवस्थापन |
| ९ | मदन आश्रीत स्मृति प्रतिष्ठान | म्याङलुङ नपा | तेह्रथुम | अध्ययन अनुसन्धान |
| १० | नर ब कर्माचार्य स्मृति प्रतिष्ठान | पाँचथर | पाँचथर | जनचेतनामूलक कार्यक्रम |
| ११ | योगमाया स्मृति प्रतिष्ठान | साल्पासिलिचो- | भोजपुर | प्रतिष्ठान ब्यवस्थापन |
| १२ | किरात अध्ययन तथा अनुसन्धान प्रतिष्ठान | धरान-९ | सुनसरी | खुवालुङको सैद्धान्तिक अध्ययन |
| १३ | मदन भण्डारी फाउण्डेसन | विराटनगर -११, कोशी | मोरङ | अन्तरकृया कार्यक्रम |
| १४ | किरात राई दुङमाली भाषा संरक्षण मञ्च | पौवादुम्मा -४ | भोजपुर | दुङमाली जातिय भाषिक पहिचानः एक बृहत अध्ययन अध्ययन |
| १५ | संगित साधना प्रतिष्ठान नेपाल | इटहरी-४ | सुनसरी | प्रतिष्ठान ब्यवस्थापन |
| १६ | मदन भण्डारी स्मृति प्रतिष्ठान नेपाल | उर्लाबारी नगरपालिका | मोरङ | कोशी प्रदेशको बिर्ता र किपटको इतिहास र वर्तमान अवस्था अध्ययन |

- **कोशी प्रदेश साहित्यिक महोत्सव कार्यक्रम सम्पन्न**

| क्र.सं. | संस्थाको नाम | स्थानीय तह | जिल्ला | कार्यक्रम |
|---|---|---|---|---|
| १ | इलाम साहित्य समाज | इलाम न.पा.- ७ | इलाम | साहित्य महोत्सव |

- **सामुदायिक पुस्तकालय सुदृढीकरण अनुदानबाट सम्पन्न कार्यक्रमहरू**

| क्र. सं | संस्थाको नाम | स्थानिय तह | जिल्ला | प्रस्तावित कार्यक्रम |
|---|---|---|---|---|
| १ | जनकल्याण सामुदायिक पुस्तकालय | इलाम नगरपालिका-५ | इलाम | पुस्तकालय सुदृढिकरण |
| २ | त्रिफला राष्ट्रिय पुस्तकालय | मेचिनगर नगरपालिका-१० | झापा | पुस्तकालय सुदृढिकरण |
| ३ | लेखनाथ पुस्तकालय | भद्रपुर नगरपालिका-१० | झापा | पुस्तकालय सुदृढिकरण |
| ४ | नागेश्वरधाम तथा मुहान क्षेत्र संरक्षण एवं विकास समिति अन्तर्गत नागेश्वर वैदिक पुस्तकालय | फुङ्लिङ नगरपालिका -४ | ताप्लेजुङ | पुस्तकालय सुदृढिकरण |
| ५ | सिँधुवा छथर जोरपाटी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र | छथरजोरपाटी गापा | धनकुटा | पुस्तकालय सुदृढिकरण |
| ६ | षडानन्द सामुदायिक पुस्तकालय | षडानन्द नगरपालिका-७ | भोजपुर | पुस्तकालय सुदृढिकरण |
| ७ | विष्णुमाया पुस्तकालय | विराटनगर महानगरपालिका-१ | मोरङ | पुस्तकालय सुदृढिकरण |
| ८ | लेखनाथ पुस्तकालय तथा वाचनालय मधुमल्ला | मिक्लाजुङ गाँउपालिका-७ | मोरङ | पुस्तकालय सुदृढिकरण |
| ९ | शान्ति सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र | लेटाङ नगरपालिका-४ | मोरङ | पुस्तकालय सुदृढिकरण |
| १० | धर्मदेवी सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र | धर्मदेवी नगरपालिका-३ | संखुवासभा | पुस्तकालय सुदृढिकरण |
| ११ | सुनौलो पुस्तकालय | धरान उपमहानगरपालिका-१७ | सुनसरी | पुस्तकालय सुदृढिकरण |
| १२ | चेतना विस्तार सार्वजनिक पुस्तकालय | नेचासल्यान गाँउपालिका-४ | सोलुखुम्वु | पुस्तकालय सुदृढिकरण |
| १३ | मझिया स्व भक्तशेर देवान स्मृति पुस्तकालय | पाख्रिवास नपा | धनकुटा | पुस्तकालय सुदृढिकरण |

- **थिएटर तथा नाटकघरका लागि अनुदानबाट सम्पन्न कार्यक्रम**

| क्र.सं. | नाट्य संस्था/थिएटरको नाम | स्थानीय तह | जिल्ला | कार्यक्रम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | चुलाचुली रङ्गमञ्च | चुलाचुली गा.पा.- ३ | इलाम | चुलाचुली पाठशाला नाट्य उत्सव |
| २ | युगिन थिएटर | फिदिम न.पा.-१ | पाँचथर | सचेतनामूलक सडक नाटक प्रदर्शन |
| ३ | नागरिक नाट्य कला केन्द्र | बर्जु गा.पा.- १ | सुनसरी | मिथिला नाट्य कार्यशाला |

- आरोहण गुरुकुल विराटनगर सञ्चालन तथा व्यवस्थापनका लागि अनुदान दिएकामा सो कार्यक्रम सम्पन्न भएको
- सन्थाल भाषिक तथा साहित्यिक महोत्सव गर्नका लागि नेपाल सन्थाल आदिवासी उत्थान संघ, केन्द्रिय कार्यालय, रतुवामाईलाई अनुदान प्रदान गरिएकोमा कार्यक्रम सम्पन्न भएको ।
- नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसँगको सहकार्यमा प्रदेशस्तरीय ललितकला प्रदर्शनी सम्पन्न भएको छ ।
- प्रदेश सरकारबाट हलेसी महादेवस्थान विकास समिति, खोटाङ, बृहत्तर बराहक्षेत्र विकास समिति, सुनसरीको विकास समिति गठन भएको जसमा —

**क. हलेसी महादेवस्थान विकास समिति, खोटाङ**

| क्र.सं. | पद | नाम, थर | ठेगाना |
|---|---|---|---|
| १. | अध्यक्ष | डिल्लि कुमार राई | हलेसीतुवाचुङ न.पा. ७, खोटाङ |
| २. | सदस्य | कुबेर राई | साबिकः दुर्छिम-९, खोटाङ, हालः हलेसीतुवाचुङ न.पा. ५, खोटाङ |
| ३. | सदस्य | राजेश राई | साबिकः धितुङ - ९, खोटाङ, हालः हलेसीतुवाचुङ न.पा. ८, खोटाङ |
| ४. | सदस्य | बिन्दा भुजेल | साबिकः महादेवस्थान - १, खोटाङ, हालः हलेसीतुवाचुङ न.पा. ७, खोटाङ |

**ख. बृहत्तर बराहक्षेत्र विकास समितिका, सुनसरी**

| क्र.सं. | पद | नाम, थर | ठेगाना |
|---|---|---|---|
| १. | अध्यक्ष | प्रकाश वस्नेत | बराहक्षेत्र -४, सुनसरी |
| २. | सदस्य | लक्ष्मीराज अधिकारी | ठोक्सीला -७, उदयपुर |
| ३. | सदस्य | प्रहलाद भट्टराई | मधुवन -५, सुनसरी |
| ४. | सदस्य | टिका कूमारी श्रेष्ठ | महेन्द्रनगर -४, सुनसरी |

- सामाजिक विकास संस्थासँगको साझेदारीमा विभिन्न प्रकारका जयन्ती, दिवस र समारोह आयोजना सम्वन्धी कार्यक्रम सञ्चालन गर्न अनुदान दिइ कार्यक्रम सम्पन्न भएको ।
- तमु ह्युल छोंज धीं गुरूङ राष्ट्रिय परिषद, महानगर इकाई कमिटी, विराटनगरसँगको साझेदारीमा बुद्ध जयन्ती मनाइएको ।
- नेपाल तामाङ घेदुङ, महानगर समिति, विराटनगरसँगको साझेदारीमा सोनाम ल्होसार मनाईएको ।

- नेपाल तामाङ घेदुङ (संघ) अन्तर्गतको नेपाल तामाङ युवा घेदुङ, सुन्दरहरैचा नगरपालिका नगर कार्यसमितिसँगको सहकार्यमा मञ्जुश्री सम्बत २८६१ को अवसरमा सोनाम ल्होसार कार्यक्रम गरिएको

- परामर्शबाट सम्पन्न भएका कार्यक्रमहरू
  १ प्रदेशमा बहुजातीय संग्रहालय स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिएको

  २ कोशी प्रदेशभित्र रहेका ऐतिहासिक तथा पुरातत्विक स्थलहरूको खोज अध्ययन तथा अभिलेखिकरण गरिएको

  ३ खुवालुङ सांस्कृतिक सभ्यता सम्भाव्यता अध्ययन भएको

  ४ धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक स्थलहरू तथा जातजातिहरूको बृत्तचित्र निर्माण र प्रशारण अन्तर्गत सुनसरीको बराहक्षेत्र, धरानको बुढासुब्बा, प्रदेशभित्र बसोबास गर्ने मुसहर समूदायहरूको वृत्तचित्र निर्माण तथा प्रसारणका भएको

- कोशी प्रदेशमा मैथीली र याक्थुङ/लिम्बु भाषालाई सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयन गर्ने सम्बन्धी विधेयक निर्माणका लागि सिद्धान्तिक स्वीकृति भइ आएकोले विधेयक मसौदा निर्माणको प्रकृया अगाडि बढेको ।

कोशी प्रदेशको संस्कृति नीति निर्माण गर्न समिति गठन भएकोमासो समितिले मसौदा निर्माण

<u>**शैक्षिक योजना तथा अनुसन्धान महाशाखा**</u>

**१. <u>शैक्षिक योजना तथा अनुसन्धान शाखा</u>**

**चौथो त्रैमासिकमा सम्पादन गरिएका कार्यहरूः**

